अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ११ र १२ गते (25 & 26 June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MAHAD MANPOWER PVT. LTD.

श्रम ईजाजत नं. ९८१/०६७/०६८

Tinkune, Kathmandu, Nepal Tel No: +977-1-4112456/ 411 2457

Email Id: info@mahadmanpower.com.np, Web: mahadmanpower.com.np, Job Portal: mahadjobs.com



## बहराइनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDULRAHIM ALSAYED CONSTRUCTION EST.

पूर्व स्वीकृति मिति: २०८०/१२/०६ | पुन विज्ञापन स्वीकृति मिति २०८१/03/03 | LT. No. 301960 | चलानी नं. ६०२१६८६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 150 | 0 | 150 | ५२,८०० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Labor/ Helper | 100 | 0 | 100 | ३५,२०० | | | | | | | |

कम्पनी : ABDUL AZIZ AL-SAYED CONTRACTING & TRADING CO. W.L.L

पूर्व स्वीकृति मिति: २०८०/१२/०६ | पुन विज्ञापन स्वीकृति मिति २०८१/03/03 | LT. No. 301961 | चलानी नं. ६०२१६८६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 150 | 0 | 150 | ५२,८०० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Labor/ Helper | 100 | 0 | 100 | ३५,२०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ११ गते (25th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Prince International Employment Service Pvt. Ltd.

श्रम ईजाजत नं. ४३५/०६०/०६१

Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, Mobile: 981-3952892, 9706180600

E-mail : info@princeies.com, mkhatiwada799@gmail.com, binod2551@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AZIN WALIMA RESTAURANT FOR SERVING MEALS

पूर्व स्वीकृति मिति: २०८१/03/02 | LT. No. 306546 | चलानी न. ६०२२१३६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 1 | 0 | 1500 | ५३,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NAJIBA HASHEM BIN YOUSSEF AL-HUSSEIN AL - AHMAD CONTRACTING EST.

पूर्व स्वीकृति मिति: २०८१/03/02 | LT. No. 306547 | चलानी न. ६०२२१३६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 4 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ११ गते (25th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sulav Recruitment Pvt.Ltd.

Govt. License No. 1336/074/075

Maharajgunj, sankhapark, Kathmandu Nepal,Telephone : +977 1 5903011/5903012

Email : sulavrecruitment@gmail.com, Website: www.sulavhr.com



## धनपालथान गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

सोराभाग, मोरङ, कोशी प्रदेश, नेपाल

### जनहितमा जारी सन्देश

### उद्योग तथा व्यवसायका लागि

- विक्रेताले विक्री वितरण हुने समानको मूल्यसूचि स्पष्ट रूपमा देखिने गरी विक्री कक्षमा राख्नु पर्नेछ ।
- नापतौल यन्त्र खरिद गरेको ३५ दिनभित्र अनिवार्य रूपमा नापतौल कार्यालयबाट अनुमति पत्र लिई मात्र प्रयोग गर्ने ।
- आफूले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरू (ढक, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नविकरण गराउने ।
- नापतौल तथा नाप्ने तौलने यन्त्रहरू विक्री गर्नुपरेमा अनिवार्य रूपमा सम्बन्धित नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र विक्री वितरण गर्ने ।
- खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुन: तौल गर्न लगाउने ।
- नापतोल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी उजुरी दिने ।
- होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडावर्तन तथा सतहलाई खानामा प्रयोग गर्न सकिने जीवाणुनाशक वस्तु (सेनिटाइजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नु पर्ने छ ।
- किट (हानिकारक जीव) हरूको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनु पर्नेछ ।
- विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरूलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिनदेखि ४८ घण्टासम्म काममा नलगाउने ।
- खाने (पकाउने तेल एउटा पदार्थ पक्काइसकेपछि नियमित रूपमा फेरबदल गर्नुपर्नेछ ।
- खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरी राम्ररी पकाउनु पर्नेछ ।
- बासी, सडेगलेका अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्य पदार्थ उपभोग नगरौं ।
- मासु, दुग्ध पदार्थ, माछा तथा अण्डालगायत छिटो सडीगली जाने खानेकुराहरूलाई ५ डिग्री सेल्सियस या सोभन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेबल लगाउनु पर्नेछ ।
- पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टाभित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
- तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
- स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
- ढाँटी झुक्काई कम गुणस्तरको खाद्यवस्तु विक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने
- दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवम् गुणस्तरसम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवम् गुणस्तर सम्बन्धी मापदण्डहरू पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, सङ्कलन, प्रशोधन र विक्री वितरण गरौं ।
- उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्ने गरी राख्नु पर्नेछ ।

**वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मूल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वास्थ्यमा हानी पुऱ्याउने वस्तु तथा सेवाको विक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएमा आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# उपभोक्तालाई सास्ती दिनेलाई कारबाही गर

पेट्रोलियम पदार्थ अत्यावश्यक वस्तुको सूचीमा छ । अत्यावश्यक सेवा सञ्चालन ऐन, २०१४ अनुसार उक्त सूचीमा रहेका वस्तुको ढुवानी रोक्नु वा अवरोध गर्नु हुँदैन । कानुनीरूपमा रहेको यो व्यवस्था सबैले पालना गर्नु अनिवार्य हुन्छ । तर पेट्रोलियम पदार्थजस्तो अत्यावश्यक वस्तु ढुवानी रोकेर उपभोक्तालाई सास्ती दिने काम भएको छ । पेट्रोलियम पदार्थ ढुवानी गर्ने ट्यांकरका चालक र सहचालक ढुवानी रोकेर आन्दोलनमा उत्रिएपछि सोमबार काठमाडौं उपत्काका उपभोक्ताले सास्ती बेहोर्नुपर्‍यो । निजी पेट्रोलपम्पहरू बन्द रहे । प्रहरी र सेनाको पम्पमा लामो लाइन लागेर इन्धन भर्न बाध्य भए उपभोक्ता ।

ढुवानीकर्ताहरूले नेपाल आयल निगमसमक्ष राखेका मागहरू जायज होलान् । तर आफ्नो माग पूरा गराउन ढुवानी नै ठप्प पारेर उपभोक्तालाई समस्यामा पार्नु सीधा कानुनको उल्लंघन हो । यो कारबाहीयोग्य छ । तर, सरकारले उनीहरूमाथि कारबाही गर्न सकेको छैन । नेपाल पेट्रोलियम ट्यांकर चालक संघले पेट्रोलियम पदार्थको ढुवानी ठप्प पारको हो । श्रम ऐन २०७४ अनुसार चालक र सहचालकलाई तलब, जोखिम भत्तालगायत सातबुँदे माग राखेर आइतबार थानकोट डिपोबाट इन्धन उठाएनन् । जसले गर्दा काठमाडौं उपत्यकामा सोमबार पेट्रोलियम पदार्थ बिक्रीवितरण ठप्प भयो ।

आयल निगमले शनिबार मूल्य घटाउने भएपछि शुक्रबार पम्पले थोरै मात्रामा इन्धन उठाएका थिए । शनिबार सार्वजनिक बिदा भएकाले ढुवानी भएन । तर, आइतबार पनि ढुवानी हुन सकेन । यसले बजारमा पेट्रोलियम पदार्थको थप हाहाकार मच्चिएको हो । कानुनतः अत्यावश्यक वस्तुमा हडताल गर्न पटक्कै पाइँदैन । अत्यावश्यक वस्तु तथा सेवाबाट नागरिकलाई वञ्चित गराउनै मिल्दैन । जसले नागरिकको मौलिक हक हनन् गर्दछ ।

कानुनविपरीतको यस्तो कार्य गर्ने कुनै पनि व्यक्ति, व्यवसाय र उद्योगलाई जिल्ला प्रशासन कार्यालयले कारबाही गर्ने अधिकार दिएको छ । अत्यावश्यक सेवा सञ्चालन ऐन, २०१४ अनुसार अत्यावश्यक सेवाको ढुवानीमा अवरोध गरेमा वा त्यसमा भाग लिएमा वा लिइरहेमा निजलाई छ महिनासम्म कैद वा २०० रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ । हडताल गर्न वा त्यसमा भाग लिन वा भाग लिइराख्न कुनै व्यक्तिले अरूलाई दुरुत्साहन गरे उसलाई एक वर्षसम्म कैद वा एक हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने पनि ऐनमा उल्लेख छ । यस्तै निषेध गरिएको हडतालमा कुनै व्यक्तिले जानीजानी आर्थिक सहयोग गरेमा पनि निजलाई एक वर्षसम्म कैद वा एक हजार रूपैयाँ जरिवाना वा दुवै सजाय हुने व्यवस्था पनि ऐनमा छ । ऐनमा भएको यो व्यवस्थाबमोजिम पेट्रोलियम पदार्थ ढुवानी र बिक्रीवितरण नगर्नेहरूलाई कारबाहीको दायरामा ल्याउनुपर्छ ।

# नेपाल भाषा पत्रकारिताको सय वर्ष र मुलुकको मातृभाषा



■ गणेशकुमार राई

> मातृभाषा पत्रकारिता भनेको ज्ञानबलको कारखाना हो । बहुसंख्यकको भन्दा अल्पसंख्यकको बोलीलाई लिपिबद्ध गर्ने काम हो । बोलीचालीमा सीमित अहिलेसम्म नलेखिएको भाषालाई छापामा उतार्ने, बोलीलाई रेडियोमार्फत सार्वजनिक गर्ने, टेलिभिजनमार्फत सार्वजनिक गर्ने, श्रव्यदृश्यमा उतार्ने काम हो । पत्रकारिता गर्नका निम्ति न्यूनतम शैक्षिक योग्यता हुनुपर्छ । पत्रकारिता गर्ने रुचि, इच्छा, चाहना हुनुपर्छ ।

'भाषा म्वासा जाति म्वाइ' (भाषा रहे जाति रहन्छ) भन्ने नेपाल भाषाका महाकवि सिद्धिदास अमात्यको आदर्श वचन छ । यही आदर्श वचनलाई नेवार समुदायले पालना गर्दै आएको पाइन्छ । नेवारी भाषा १४औं शताब्दीदेखि १८औं शताब्दीसम्म नेपालको राज्य भाषा र अदालतमासमेत प्रयोग हुन्थ्यो भन्ने इतिहासमा उल्लेख पाइन्छ । राज्य व्यवस्था फेरिएसँगै खस/पर्वते भाषा अस्तित्त्वमा आयो र अन्तमा नेपाली भाषा बनेपछि मुलुकमा अरू भाषाहरू राज्य सूत्रमा उनिन छोड्यो । नेपाल एकीकरण र शाह वंशको शासन सुरुआत भएसँगै भाषा दमनविरुद्ध आन्दोलन आरम्भ भएर वर्तमानसम्म तन्किदै आएको पाइन्छ ।

वि.सं. १९६६ देखि १९९८ सम्मको अवधिलाई नेपाल भाषाको पुनर्जागरण युगका रूपमा उल्लेख गर्ने गरिएको छ । पत्रकारिताका हिसाबले धर्मादित्य धर्माचार्य (जगतमान वैद्य) ले १९८१ सालमा कोलकाताबाट 'बुद्ध धर्म व नेपालभाषा' मासिक पत्रिका सम्पादन तथा प्रकाशन आरम्भ गरेका थिए । नेपाल भाषाको सो पहिलो साहित्यिक पत्रिकाले साहित्य लेखनको लहर उत्पन्न गरेको थियो । सोही पत्रिकामार्फत साहित्य सिर्जनामा नयाँ स्रस्टाहरूको अगुवाइ गरेको थियो । त्यो लहरले नेपाल भाषाको अस्तित्त्व जोगाउन, समृद्ध तुल्याउन योद्धाहरू उत्रिए । जेलनेल भोगे । ज्यानको आहूति दिए । निस्थानन्द बज्राचार्य, सिद्धिदास महाजू (सिद्धिदास अमात्य), जगतसुन्दर मल्ल र योगवीरसिंह कंसाकार नेपाल भाषाका चार स्तम्भ मानिन्छन् ।

शुक्रराज शास्त्रीले 'नेपाल भाषा व्याकरण' नामक भाषाको व्याकरण लेखेको र राजनीतिमा लागेकै कारणले सहादत पाए । जेलनेल भोग्नेहरू चित्तधर हृदय, सिद्धिचरण श्रेष्ठ र फट्टेबहादुर सिंह थिए । नेपाल भाषाका पहिलो महिला पत्रकार साधना प्रधान, नेपाल पत्रकार संघ (वि.सं. २००८) का संस्थापक सत्यनारायणबहादुर श्रेष्ठ (श्रेष्ठ नै नेपाल पत्रकार महासंघको संस्थापक अध्यक्ष कायम हुनुपर्छ भन्ने दाबी अघि बढेपछि महासंघले अध्ययन कार्यदल गठन बनाएको छ) लगायत अग्रपंक्तिमा थिए । नेपाल भाषाको पहिलो पत्रिकाले ल्याएको जागरण अनि कयौं साधकको योगदान चुलिने क्रम निरन्तर जारी छ । पुनःजागरणकालपछि २०८१ सालसम्म आइपुग्दा नेपाल भाषा पत्रकारिताले शताब्दी यात्रा पार गरेको छ । नेपाल भाषा रञ्जना लिपि (नेवाः लिपि), प्रचलित, भुजिमोल, क्वयमोल लिपिमा लेख्ने गरिन्छ । 'नेपाल भाषा टाइम्स' दैनिक पत्रिका प्रकाशनमा रहेको छ ।

नेवार समाजमा नेपाल भाषा भनिँदै आए पनि आममानिसले नेवारी भाषा भन्ने गर्दछन् । भाषिक समुदायको मागअनुसार तत्कालीन नेपाल सरकार मन्त्रिपरिषद्ले २०५२ असोजमा नेवारीको सट्टा 'नेपालभाषा' नामाकरण स्वीकृत गरेको थियो । यद्यपि नेपाल संवत् ५०० मा नेवार भाषालाई 'नेपाल भाषा' उल्लेख भएको नेपाल भाषा शिक्षाको इतिहासमा उल्लेख पाइन्छ । त्यसैगरी २०८० सालदेखि नेपाल संवत् ११४४ आरम्भ भएसँगै सरकारको 'लेटरहेड'मा अंकित गरिएको छ ।

नेवाः पत्रकार राष्ट्रिय दबूले धर्मादित्य धर्माचार्यको सम्पादनमा प्रकाशित 'बुद्ध धर्म व नेपालभाषा' पत्रिकालाई आधारस्तम्भ मानेर यही २०८१ जेठ १९ र २० गते दुईदिने पहिलो अन्तर्राष्ट्रिय मातृभाषा पत्रकारिता सम्मेलन सम्पन्न गरेको थियो । सम्मेलनमा सार्क जर्नालिस्ट फोरम र नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज)लाई पनि सहभागीका रूपमा उभ्याइएको थियो । सम्मेलनमा भारत, बंगलादेश, भुटानका केही भाषाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । नेपालका मातृभाषाहरूको भने सहभागिता रहन सकेन । त्यसैले मूलतः नेपाल भाषा पत्रकारिता अन्तर्राष्ट्रिय सम्मेलनकै रूपमा सम्पन्न भयो ।

तथ्यांकमा नेवाः (नेवार) जातिको कूल जनसंख्या १३ लाख ४१ हजार ३६३ जना रहेको छ । नेपाल भाषा (नेवारी) बोल्ने वक्ताको जनसंख्या आठ लाख ६३ हजार ३८० रहेको छ । बागमती प्रदेश सरकारले तामाङ भाषा र नेपाल भाषा सरकारी कामकाजको भाषा लागू गर्न ऐन जारी गरेको छ । नेपालको संविधान (२०७२) को धारा, ६ र ७ मा नेपालमा बोलिने सबै मातृभाषा राष्ट्रभाषा हुन् । देवनागरी लिपिमा लेखिने नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हुने छ । नेपाली भाषाका अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र बहुसंख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई प्रदेश कानुनबमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्ने छ । भाषासम्बन्धी अन्य कुरा भाषा आयोगको सिफारिसमा नेपाल सरकारले निर्णय गरेबमोजिम हुने छ । बागमती प्रदेश सरकारको कदमले आममातृभाषी समुदायलाई आशाको नयाँ आयाम थपिएको छ ।

### मातृभाषा र भाषिक राष्ट्रवाद

मातृभाषा शब्दै पेचिलो छ । बहुसंख्यकले बोल्ने भाषाभन्दा थोरै संख्या अर्थात् अल्पसंख्यकले बोल्ने 'काइतेबोली' भनेजस्तो विम्ब दिमागमा आउँछ । पञ्चायतकालसम्म 'गाई खाने भाषा'को विम्बमा ती मातृभाषाहरू परिभाषित थिए । राज्यले त्यस्ता भाषाहरूलाई मातृभाषा पढ्न, लेख्न, छाप्न, पढाउन प्रतिबन्ध लगाएको थियो । समुदायले आफ्नो बोली बोलिरहेकाले सचेत पूर्वजहरूले चुनौती मोलेका थिए ।

अंग्रेजी या नेपालीलगायत विकसित भाषाको सन्दर्भमा पत्रकारिता भनेको मूलधारको व्यावसायिक भाषाखेती हो, तर चाहे नेपाल भाषा, १७ लाख वक्ता रहेको थारू भाषा होस् या १४ लाखले बोल्ने तामाङ भाषा अथवा १५ हजारले बोल्ने वाम्बुले भाषा, २३ जना वक्ता रहेको कुसुण्डा भाषाको पत्रकारिता कुनै हालतमा व्यावसायिक पत्रकारिता हुन सकिरहेको छैन । मातृभाषा पत्रकारिता भनेको समाचार, विचारमा सीमित नभई साहित्य, व्याकरण, अनुसन्धान, अधिकारका अनेक विषय समेटेर प्रकाशन गर्नुपर्ने हुन्छ । मातृभाषा मूलधारभन्दा फरक छ । व्यावसायिक हुन सक्दैन । विशुद्ध मातृभाषाकै निम्तिमात्र काम गरेको हुनुपर्छ । एकल भाषिक राष्ट्रवादविरुद्धको आवाजका रूपमा लिइन्छ ।

विद्यावारिधि शोधार्थी अजितमान तामाङको ठम्याइमा आदिवासीको भाषा, धर्म, संस्कृतिसँग नजोडिएका व्यावसायिक मूलधार भनिएका पत्रपत्रिकादेखि रेडियो, टेलिभिजन, अनलाइन, न्यु मिडिया छन् । मातृभाषा पत्रकारिता भनेपछि छुट्टै पाटो हो । मातृभाषा पत्रकारिता गर्नेहरूको छुट्टै प्रकाशन गृह छैन । गोरखापत्र दैनिकमा अहिले ४२ भाषामा सामग्री फरक-फरक दिनमा प्रकाशन हुन्छ, तर यसलाई मातृभाषा पत्रकारिताको एउटा अंगमात्रै हो । विज्ञापन पाएर प्रकाशन भएका होइनन् । व्यावसायिक नभएर विशुद्ध मातृभाषाको प्रकाशन गरिएको छ ।

भाषिक राष्ट्रवाद उपनिवेशवादीहरूका लागि, गोर्खालीहरूको गोर्खा कोलोनिजम, ब्रिटिस कोलोनिजमले ल्याएको राष्ट्रवाद हो । एउटै भाषा केन्द्रीकृत भाषा हुने । एउटै धर्म संस्कृति हुने । एकल भाषिक राष्ट्रवादविरुद्ध उत्रिएर हामी आफ्नो राष्ट्रिय मुक्ति आन्दोलनको माध्यमबाट आफ्नो भाषा, अधिकार कुरा गर्दै छौं । हाम्रो अर्को भाषिक राष्ट्रवाद भयो । लिम्बुवान, खम्बुवान, ताम्सालिङ, नेवा, तमुवान, मगरात भाषिक राष्ट्रवादसँग जोडिएको छ । जो भारतमै १९४९ सालमा भइसकेको छ, पञ्जाब, बंगाल, तमिलनाडु, तेलंगनालगायत थुप्रै भएको छ । भाषिक राष्ट्रवादको पनि परिभाषा भएको छैन ।

### मातृभाषा पत्रकारिता तत्व

मातृभाषा पत्रकारिता भनेको ज्ञानबलको कारखाना हो । बहुसंख्यकको भन्दा अल्पसंख्यकको बोलीलाई लिपिबद्ध गर्ने काम हो । बोलीचालीमा सीमित अहिलेसम्म नलेखिएको भाषालाई छापामा उतार्ने, बोलीलाई रेडियोमार्फत सार्वजनिक गर्ने, टेलिभिजनमार्फत सार्वजनिक गर्ने, श्रव्यदृश्यमा उतार्ने काम हो । पत्रकारिता गर्नका निम्ति न्यूनतम शैक्षिक योग्यता हुनुपर्छ । पत्रकारिता गर्ने रुचि, इच्छा, चाहना हुनुपर्छ ।

समयचक्रसँगै निरन्तर साधना, धैर्यता, खोज अध्ययन, अनुसन्धान, विश्लेषण गर्ने क्षमता राख्नुपर्छ । मातृभाषा प्रकाशन, प्रसारण अगुवाइ गर्ने प्रकाशक, सम्पादकका निम्ति अझ थप सशक्त भूमिका हुनुपर्छ । त्यस निम्ति समुदायसँग सामीप्यता, जनसम्पर्क, लेखक, स्रस्टासँग निरन्तर सानिध्यता हुनुपर्छ । नयाँ स्रस्टा, लेखकसँग सम्पर्क तथा उत्प्रेरणा सिर्जना गर्न सक्नुपर्छ । लेखन निरन्तरताका निम्ति प्रशिक्षण, पुनःताजगी तालिम हुनुपर्छ । प्रकाशन, प्रसारणका निम्ति आर्थिक व्यवस्थापन, इमानदारिता हुन जरुरी छ । अल्पसंख्यक भाषा पत्रकारिता गर्ने सम्पादक, प्रकाशनले 'वान मेन आर्मी'को भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । जसले धारिलो हतियारसहित भारी बोकेर ठूलो डफ्फासँग युद्ध छेड्नुपर्ने हुन्छ । यद्यपि मातृभाषा पत्रकारितामा 'गर या मर' भन्ने आर्मीको नियम लागू हुँदैन ।

मुलुकका १४२ जातजाति र बोलिने १२४ भाषाहरू देशकै अमूर्त सम्पदा हुन् । यसको संरक्षण, संवर्द्धन गर्नु राज्यको दायित्व हो । धर्मादित्य धर्माचार्यहरूको योगदानलाई समुदायले सम्झिइरहन्छ । ती मातृभाषी समुदायको आत्मबल बढाउन र शिर उभ्याउनका निम्ति संघ, प्रदेश र स्थानीय सरकारले सम्बोधन गर्न जरुरी छ । संविधानमा उल्लेख बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त नेपालको पहिचान जोगाउने काम समुदाय मात्र जिम्मेवार ठान्नु स्वाभाविकै हो, तर कुनाकन्दरामा जीवन व्यतीत गर्दै रहेका हरेक नागरिकको हातहातमा समाइने मोबाइल र इन्टर नेटले चुनौतीमाथि चुनौती थपिदिएको छ । कृति बौद्धिकताले हाम्रा मातृभाषा पत्रकारितालाई हावामै ह्वात्तै उडाउने संकटको निकट डिलमा उभिइरहेको अवस्था छ । यसतर्फ मातृभाषा पत्रकारिताको शताब्दी यात्राको स्मरण एक-दुई दिन भेला भएर तात्त्विक असर नगर्न सक्छ । *रासस*

*(लेखक मातृभाषा अभियन्ता तथा पत्रकार हुन्)*

## मननयोग्य

### चाणक्य नीति

छिमेकी राज्यसहित विदेशीको गिद्धेदृष्टि मगधमा छ, तर राजालाई भोगविलासले त्यो जान्ने फुर्सद कहाँ छ ? सभामा बसेका सबैले थी ब्राह्मणलाई आश्चर्यचकित भई हेरिरहे । यस्तो कुरा राजा, नन्द र महामात्य राक्षसका सामुमा अगाडि भन्न सक्ने दुःसाहस सपनामा पनि उनीहरू गर्न सक्दैनथे ।

नन्दका कान सन्दरीका मीठो स्वर दरवारिया चापलुसी चाटुकारिता सुन्नमा व्यस्त हुन्थे, तर चाणक्यका सिसाजस्तो गड्ने कुरा सुनी रिसले तमतमाउँदै पूरै कडकर राजा नन्दले भने- 'यो मूर्ख बाह्मणलाई यहाँ कसले ल्यायो ? यसको यो दरबारमा प्रवेश गर्ने साहस कसरी भयो ?'

कुरा यसरी बिग्रिएको देखी अमात्य शकटार खडा धभई भन्न लागे 'महाराज , क्षमा चाहन्छु, मैले त तक्षशिलाका मार्तण्ड विद्वान् व्यक्तित्वलाई दरबारमा ल्याएको हुँ, यी विष्णगप्त हुन् । जसका बुद्धिको चर्चा देश-विदेशमा टाढा-टाढासम्म छ । जसको अर्थशास्त्र विश्वप्रसिद्ध छ र अन्य विषयमा पनि त्यस्तै राजनीतिक प्रकाण्ड विद्वान् । राजा नन्दले चाणक्यपछि फर्केर उपहास गर्दै भने यो शक्तिहीनजस्तो कुरूप व्यक्ति पनि प्रकाण्ड विद्वान मार्तण्ड विद्वान किन ?

राजाले चाणक्यलाई व्यङ्ग्य गरेको देखी सबै दरबारियाले पनि व्यग्य गर्न थाले । सुनिएको थियो- 'ब्राह्मणका रिस डरलाग्दो हुन्छ तर आज साक्षात् देख्ने मौका पायौं' चाणक्यको रिस सीमाबाहिर भयो। उनको शरीर रिसरूपी आगोले काम्न थाल्यो । कमण्डलुबाट जल लिएर हातमा राख्तै टुक्रिएर भने' राजा नन्द ।राजा तन्द । तिमीलाई यो पनि थाहा छैन, मगध एउटा दन्दनाएको ज्वालामुखी भइरहेछ । कहिले ज्वालामुखी फुट्छ । जुन राजाका हात युद्धमा शत्रुको शिर काट्नमा प्रयोग हुन्छ त्यही हात नर्तकी, वेश्या, कामिनीका साथ मोजमस्तीमा लागिरहन्छन् । हेर नन्द । राजाको शरीर प्रजामा अर्पण हुन्छ, तर म देख्दैछु राजा सुरा सुन्दरीमा समर्पित छ । जुन राजालाई बाहिरी देशको ज्ञान छैन त्यो ज्ञान चाकडी र चाप्लुसीवादले निकम्मा बनाएको छ । त्यस्ता राजाले आफ्नो राज्यमा के भएको चाल पाउदैन । क्रमशः




# भ्रष्ट अचार ! भ्रष्ट विचार !

आहा ! कति मिठो अचार । चट्ट जिब्रो ट्वाक्क पारेर पड्काउँदा कम्ती मज्जाको स्वाद आउँछ । त्यही भएर त आजकल अर्थको अचार खान सप्पै पल्किएका छन् । सिंहदरबारदेखि स्यालदरबारसम्मका सेतो कपडाका लगाउनेहरू खुब अचार खान पल्केका छन् ।

अन्यायलयदेखि विद्यालयसम्म पनि भ्रष्ट अचार कम्तीको स्वादिलो हुन्छ र ? त्यही भएर त होला नि रणबहादुर कोपुण्डोलको रणभूमिमा परे ! विद्यालयका साहु/गुरुहरू गोरु हुन थाले । सबका विचार भ्रष्ट अचारजस्तै चटनी हुन्छ ।

अन्यायलयमा न्याय बिक्री हुने ! सिंहदरबारबाट मान्छे बिक्री हुने ! स्कुलबाट विद्यार्थी बिक्री हुने ! अस्पतालमा डाक्टर बिक्री हुने, सञ्चार गृहबाट सत्य तथ्य समाचार बिक्री हुने ! सबै लाचार भएर अचार खाको खाई !

अहिले त जनप्रतिनिधि पनि उस्तै । बेलाबेला अचार चट्काउनै पर्ने, त्यही भएर होला रातो घरले बेलाबेला घच्घच्याउनुपर्ने । त्यो रातो घर पनि कस्तो कस्तो ! अचार खानेहरूसँग पनि विचार खाइदिने । शुद्ध हुन पनि मुस्किल । शुद्ध भएकालाई सास फेर्न पनि गाह्रो । असिन पसिन भएर काम गर्नुपर्ने ।

भ्रष्ट अचार खाएर भ्रष्ट विचार बोक्नेकै दबदबा चल्या छ । हात्तीका देखाउने दाँत भनेजस्तै । बाहिर हेर्दा साधु तर भित्रभित्र निकै नै ठालु ! त्यही भएर पो पाँडे काकाले भन्या रैछन् त । बोल्नेको पिठो पनि बिक्छ नबोल्नेको चामल पनि बिक्दैन !

पाँडे काका निकै बोल्ने । थर्काएर हुन्छ कि तर्साएर हुन्छ । अचार त चटनी नै हो नि ट्वाक्क पार्ने चाट्ने । कम्ता मिठो हुँदैन र ! त्यसै पाँडे काकाको बास साँझ पातले वनमा हुने हो र ? शुक्रबार आउनु हुँदैन पाँडे काका जंगल चर्न जानुपर्ने बानी परेको छ । हात्ती देखिने पातलो वनमा अरे !

पाँडे काकाको पातले वनमा हात्ती काण्डले स्यालहरू हुँइया हुँइया गर्दै थिए । जंगली हात्तीले एउटा आवाज निकाल्नेबित्तिकै स्यालहरू कुलेलम ठोके । त्यही भएर पो चित्रे दाइलाई अस्ति झण्डै भकुरेका रैछन् त पाँडे काकाले । तीनपाने र तीन महले मिलाएर अचार खान खोज्दा, सुझ न बुझ टुँडिखेलमा कुद भनेजस्तै भएछ ।

विचार र आचार दुवै भ्रष्ट भएपछि खाने पनि घूस, सुत्ने पनि घूस, बोल्न पनि घूस, हिँड्दा पनि घूस । अनि कुरो अलि मिलेन भने जनार्दन झूठ नै झूठ ।

यता सुब्बा साबले फाइल घुमाउनु र अन्यायलयमा न्याय नपाउने उस्तै हो । कागजको खोस्टोको अचार चाट्न नपाएसम्म केही नै नहुने । दुई-चार जना भगवान नै जन्माउनु पर्ला जस्तो । सुब्बासापले ३० हजारको तलब खान्छन् अनि तीन करोडको सेयर डुब्यो भन्छन् ! धन्न राजा गाउँमा तीन तले तीनवटा घर जोहो गरेका भएर अहिलेसम्म पापी पेट पालिरका छन् !

कोटेसनविनाको कामै नहुने । सेतो ड्रेस लगाएपछि त केको धङधङती के को ! अझ चुनावै जितेपछि त एऽ बाऽ कुरै नगरौं ! चित्रे दाइले त्यसै कहाँ भन्या हुन् । कताको सेटिङ हो कताको अचारको सेटिङमा बसेका छन् कि विचारको सेटिङमा बुझ्नै मुस्किल !

अखबारमा आको कुरा र मुहार पुस्तिकामा पोस्टाका अनि टचुबेले देखाको कुरालाई हो रैच भन्ने हो भने त जहाज नै डुबि गो । ऊ बेला काँचा पर्दामा भ्यागुतो उफ्रिए जसरी उफ्रिँदै 'टुँडिखेलमा राखेर नाकको डाँडी भाँच्नु' भनेजस्तै हो ।

बिहान घर सहजै आको मान्छे बेलुका घर पुग्दा सम्बन्ध बिच्छेद्को कुरा चलिसक्या हुन्छ । कसले उचाल्ने हो कुन्नि ? जोड्ने र तोड्नेकै ताँती । त्यसै हो र भन्या त्यहाँ पनि त जुस र घूसको कुरो चल्दो रैछत । चित्रेदाइले त्यसै कुटाइ भेटेका हुन् र ? पाँडेलाई यो गर्मीमा जुस नखाई नहुने । कुर्सीमा भन्दा सोफा बढी भेटिन्छन् उनी पनि । पाँडेकाकाले जुस माघको चित्रेले खामभित्र घूस दिएर पठाएछ । अनि के गरेको त्यो भन्या रे ? अस्तिको भाग पो भन्छ बा ! रातो घरमा पुगेका मुद्दा पनि यता टाल्यो उता भ्वाङ पर्छ उता भ्वाङ पर्‍यो यता चिप्लिसक्छ ।

कालोकोटैले छ महिने जागिरै खाएँ है । भनेजस्तो । सबै उसले मिलाउने । अरूको सबै बोल्न मिल्ने चित्रेले सूचनाको हक भन्न पाउने अनि त्यही अन्यायलयका विषयमा कुरा गर्न नपाउने भन्ने पनि हुन्छ ?

कालोकोटेले फाँटवाललाई, न्यायमूर्तिलाई नै अचार चटाइदिने अनि काम फत्ते ! नपत्याउने खोलाले बगाउँछ भन्थे । हो कि जस्तो लाग्छ । कहिले दाहिने हातले खानुपर्ने देब्रे हात चलाइदिएपछि कसको बाउको के लाग्छ ? यो अर्थ अचार भनेको पनि निकै नै स्वादिलो ! खाँदिन भन्दा भन्दै पनि खुवाउन पाउने । विश्वासै नलाग्ने पनि खाइदिने । मुखमा राम राम बगलीमा छुरा भनेजस्तै !

कुरा सुन्दा एउटा, काम गर्दा अर्कै । होला र भने जस्तो हुने ! तर भएर छाड्ने । कहाँबाट खाने खाने । कसलाई प्रयोग गराएर खाने खाने ? जुस खाएजस्तै मस्तले घूस खाइदिने । भ्रष्टाचारको अचारको स्वादलाई छाड्नै नसक्ने । कस्तो नसा हो कस्तो ? बुझिनसक्नुको । भ्रष्टाचारको अचार खाएपछि विचार अरू आउने त कुरै छैन । भ्रष्ट अचार खाने भ्रष्ट विचार आउने । हैन खान्न भन्न नि पाउँदै नपाउने । धेरै ल्याङल्याङ गरे सिस्टमलाई देखाइदिने !

चाहे पानी पिलाउनु वा सर्वत पिलाउनुस् । बाटो बनाउनुस् कि पहाड बगाउनुस् । विद्यालय चलाउनुस् कि विद्यालय जलाउनुस् । न्यायालय देखाउनु कि बिकाउनुस् तर सिस्टमचाहिँ बिगार्नु भएन हजुर ।

लौन हजुर यो त प्रसादी हो ! भगवानले पठाएको प्रसाद ! पदमा बसे पनि यो अचार १० पर्सेण्ट त सिस्टम हजुर ! सिस्टम त बिग्रनै भएन नि हजुर ! अरू जेसुकै बिग्रियोस् । अचार विचार बिगार्नुचाहिँ हुँदै भएन । त्यसैले भ्रष्ट अचार, भ्रष्ट विचारको जय जय होस् ।

# सास्तीमा छन् निसेलढोरवासी



■ डम्मर बुढामगर

**ढोरपाटन (बागलुङ)-** काठैकाठले बनेका घर, ढुंगाका पर्खालले घेरिएका आलुबारी, बीचबीचमा स्याउका बोट, आफ्नै खाम भाषा, आफ्नै रीतिरिवाज र परम्परा, भिरालो जमिनमा टक्क मिलेर बसेको बस्ती, यस क्षेत्रमा पुग्ने जो कोहीलाई टाढैबाट आकर्षित गर्ने गन्तव्य हो ।

बागलुङको निसेलढोर जति प्राकृतिक सुन्दरताले भरिएको छ, त्यति नै यहाँ बस्ने नागरिकको समस्या र सास्तीको दुर्दान्त कथा छ । सामान्यतः निसेलढोरवासीको समस्या कति छन् भन्ने यहाँ पुग्ने धेरैले सहजै अड्कल गर्न सक्दैनन् । जिल्ला सदरमुकाम बागलुङ बजारदेखि सुदूरपश्चिममा रहेको निसेलढोर नेपालको एकमात्र सिकार आरक्ष ढोरपाटनमा पर्छ । विकासका हिसाबले निकै पिछडिएको यो ठाउँ पर्यटकीय सम्भावनाको हिसाबले भने अगाडि छ ।

अनेक समस्याका बाबजुद पनि निसेलढोरवासी वर्षौंदेखि यहाँ बस्दै आएका छन् । एक दशक अगाडिसम्म बर्खाको समयमा मात्रै ढोर बस्ने स्थानीय अहिले स्थायीरूपमा बस्दै आएका छन् । निसीखोला गाउँपालिका-५ मा पर्ने निसेलढोरमा अधिकांश बासिन्दा निसी गाउँबाटै गएर बसेका छन् । निसेलढोर लेकमा र निसी गाउँबेँसीमा पर्छ । दशक अघिसम्म हिउँद बर्खा घुम्ती बसाइँ गर्ने स्थानीय मोटरबाटोले निसेलढोर जोडिएपछि अहिले करिब ६० घर परिवार स्थायीरूपमै यहीँ बस्छन् । बर्खाको समयमा निसी गाउँबाट पशुचौपाया लिएर ढोर उक्लिने हुँदा असारदेखि कात्तिकसम्म केही परिवारमात्रै यहाँ रहन्छन् । एकै परिवारले सयौं वस्तुभाउ पाल्ने हुँदा लेकबेँसी गर्ने गर्छन् ।

परम्परागत खेतीपाती र पशुपालन गर्दै आएका स्थानीय भौतिक पूर्वाधारको विकास र अवसरको पर्खाइमा छन् । ढोरपाटन नगरपालिकाको केन्द्र बुर्तिबाङ बजारदेखि उत्तरगंगा ढोरपाटन हुँदै निसेलढोर सडकले जोडिए पनि हालसम्म निसीखोलाबाट सीधै सडक सञ्जालले भने जोडिन सकेको छैन । निसीखोला र निसेलढोरको बीचमा ठूला-ठूला पहाड रहेको हुँदा सीधा सडक सञ्जालले जोड्न कठिन भएको स्थानीय बताउँछन् ।

विद्युत्को पहुँच अझै पुग्न नसकेको यस गाउँका बासिन्दा दाउरा, दियालो र टुकी बालेर रात कटाउनुपर्ने बाध्यतामा छन् । त्यतिमात्रै होइन, स्वास्थ्य, शिक्षा, खानेपानीलगायत आधारभूत विकासको पहुँचसमेत पुग्न नसकेको स्थानीय सम्झना विश्वकर्माले बताइन् । जंगलबाट घाँसदाउरा ल्याउन, वस्तुभाउ चराउन र खोलामा माछासमेत मार्न सिकार आरक्षले नदिँदा दैनिकी झनै कष्टकर बनिरहेको उनको भनाइ छ ।

वर्षौंदेखि निसेलढोरमै स्थायीरूपमा बस्दै आएको सुनाउने विश्वकर्माले गाउँ सडकले जोडिए पनि नियमित गाडी सञ्चालन नहुँदा सास्ती बेहोर्नुपरेको बताइन् । दशक अगाडि खुलेको सडकमा गाडी नचल्दा सामान ढुवानी र यात्रा गर्न निकै कठिन हुने गरेको छ । सडक खुले पनि स्थानीयले अहिलेसम्म ढोरपाटनको भुजी र नबीबाट दैनिक उपभोग्य सामान बोकेरै ल्याउनु परेको छ । हिउँद्मा कहिलेकाहीँ गाडी चले पनि बर्खामा पूर्णरूपमा ठप्प हुने उनको भनाइ छ । विश्वकर्माले भने, 'निसेलढोरमा घर जग्गामात्रै भएर के गर्ने, घाँस दाउराका लागि जंगल जानुपर्छ तर जंगलमा गएर घाँस दाउरा गर्दा सिकार आरक्षले ल्याउन दिँदैन, निउरो, च्याउ, अरू जंगली तरकारीहरू पनि ल्याउन दिँदैन, यहाँ फल्न आलु, सिमी, स्याउ हो, त्यसले मात्रै वर्ष दिन पुग्दैन ।'

स्थानीय बलहादुर घर्ती मगरले देशमा शासन व्यवस्थाका हिसाबले ठूलो परिवर्तन भए पनि यहाँका स्थानीयले अहिलेसम्म विकासको अनुभूति गर्न नपाएको सुनाए । अहिले गाउँमा सबैभन्दा बढी आवश्यक विद्युत्को भएको उनको भनाइ छ । यो ठाउँ पर्यटकका लागि निकै आकर्षक रहेको र बेला-बेला आन्तरिक पर्यटक पुग्ने तर बिजुलीको सुविधा नहुँदा बास नबसी फर्कने गरेका छन् । घर्ती मगरले भने, 'तल बेँसी (निसी गाउँ)बाट मोबाइल चार्ज गरेर ल्यायो भने दुई दिनसम्म चल्छ, त्यसपछि बन्द हुन्छ, आफन्तसँग कुराकानी पनि गर्न पाइँदैन, रातिमा दियालो बाल्छौं, त्यही पनि वनबाट ल्याउन दिँदैनन् ।'

निसेलढोरवासीले सामान्य विकासको महसुससमेत गर्न पाएका छैनन् । यहाँ कक्षा ५ सम्मको पढाइ हुन्छ तर विद्यालयको अवस्था भने निकै नाजुक छ । गाउँको विद्यालयमा कक्षा पाँचभन्दा माथिको पढाइ नहुँदा धेरै बालबालिकाले त्यसभन्दा माथिल्लो तहको अध्ययन गर्न वञ्चित भएको स्थानीय कुँडेढोर प्राथमिक विद्यालयका शिक्षक रुद्रबहादुर विकले बताए । प्राथमिक तहभन्दा माथिको अध्ययनका लागि धेरै टाढा जानुपर्ने हुँदा धेरै बालबालिकाले विद्यालय छोड्ने र सानै उमेरमा विवाह गर्ने गरेको उनको भनाइ छ । गाउँमा पाँच उत्तीर्णपछि त्यसभन्दा माथिल्लो तहको अध्ययनका लागि ढोरपाटन नगरपालिकाको बोबाङ, निसीखोलाको ज्ञानेन्द्र मावि र बुर्तिबाङ जानुपर्ने बाध्यता छ । ती विद्यालयमा पुग्न एक दिनभन्दा बढी समय लाग्छ ।

निसेलढोर आलु, स्याउ र सिमी उत्पादनका लागि प्रख्यात भए पनि बजारीकरणमा भने समस्या छ । यहाँको नजिकको मुख्य बजार बुर्तिबाङ हो । किसानले उत्पादन गरेको वस्तु बोकेर बजार पुऱ्याउन एक दिनभन्दा बढी लाग्छ । निसेलढोरवासीको मुख्य आम्दानीको स्रोत पशुपालन र कृषि नै हो । सडकको सहज पहुँच नहुँदा जीवन निर्वाहमा समस्या हुने स्थानीय प्रेमकुमारी घर्ती मगर बताउँछिन् । यहाँका अधिकांश स्थानीयले आलु बेचेरै जीवन धान्दै आएको उनको भनाइ छ । एकै परिवारले १०० मुरीसम्म आलु उत्पादन गरे पनि बजार पुऱ्याउन नसकिएको घर्तीले गुनासो गरिन् ।

'गाउँका धेरै मान्छेले बारीमै काम गर्छन्, यहाँ त्यो बाहेक अरू केही रोजगार छैन, पहिले-पहिले धेरै मान्छेहरू निसीमा बस्थे, यहाँ थोरै मात्रै हुन्थे, सडक गाउँमा आयो भनेर धेरै यतै बस्न थाले तर अहिले सडक आएको खासै उपलब्धि भएन,' घर्तीले भनिन्, 'यो त पर्यटकीय ठाउँ पनि हो, बेला-बेला स्वदेशी र विदेशी पर्यटक आउँछन्, तर बाटोको खराब अवस्था देखेर अर्को पटक आउँदैनन् ।'

निसेलढोरमा अझ बढी समस्या त स्वास्थ्यमा छ । नागरिकको स्वास्थ्य उपचारका लागि भन्दै निसीखोला गाउँपालिकाले चालु आर्थिक वर्षमा सामुदायिक स्वास्थ्य एकाइ स्थापना गरेर एक जना अनमी राखेको छ । एक जना अनमीले गाउँका बिरामीलाई सामान्य औषधि दिए पनि उपचारका लागि बुर्तीबाङ बजारमै झर्नुपर्ने अवस्था छ । निसेलढोरबाट बुर्तिबाङ बजार आउनका लागि हिँडेर करिब आठ घण्टा लाग्छ भने गाडीमा चार घण्टा लाग्छ ।

गाउँमा गतिलो अस्पताल नहुँदा कतिले अस्पताल लैजाँदै गर्दा बाटोमै ज्यान गुमाउनुपरेको स्थानीय खिमकुमारी विकले बताइन् । गाउँको सामुदायिक स्वास्थ्य एकाइ व्यवस्थित नभएको उनको भनाइ छ । खिमकुमारीले भनिन्, 'पोहोरसम्म गाउँमा कुनै पनि उपचार गर्ने ठाउँ थिएन, अहिले गाउँपालिकाले सामुदायिक स्वास्थ्य एकाइ सुरु गरेको छ, सामान्य घाउ चोटपटक लाग्यो भने सामान्य औषधि र उपचार हुन्छ ।' अलि ठूलो बिरामी भए बुर्तिबाङ, पोखरा काठमाडौं जानुपर्ने अवस्था छ ।

निसीखोला गाउँपालिकाका अध्यक्ष सूर्यबहादुर घर्ती मगरले निसेलढोर भौगोलिक हिसाबले विकट हुँदा विकासमा पछाडि परेको बताए । गाउँपालिकाको स्रोत साधनले भ्याएसम्म विकास गर्ने प्रयास गरेको उनको भनाइ छ । ठूलो बजेट लाग्ने हुँदा अहिलेसम्म निसीखोलादेखि सीधा सडक सञ्जालले जोड्न नसकेको अध्यक्ष घर्ती मगरको भनाइ छ । यस ठाउँको विकासका लागि प्रदेश र संघीय सरकारसँग पनि सहकार्य गर्ने उनले बताए ।

पालिकाको बजेट सीमित हुने हुँदा चाहेर पनि निसेलढोरको विकास गर्न नसकिएको उनी स्वीकार गर्छन् । 'पहिलेदेखि नै यो ठाउँमा राज्यको नजर पर्न सकेन, पर्यटकीय हिसाबले धेरै सम्भावना बोकेको छ,' अध्यक्ष घर्ती मगरले भने, 'सिकार आरक्ष पनि यही क्षेत्रमा पर्ने हुँदा बेलाबेला बाह्य पर्यटकको आगमन हुन्छ, उनीहरूलाई थप आकर्षित गर्नका लागि धेरै काम गर्नुपर्ने हुन्छ, यसको विकासका लागि संघ सरकारको प्राथमिकतामा पर्नुपर्छ, तीनै तहको सरकारबाट लगानी गर्न सकियो भने भविष्यमा यो क्षेत्र देशकै नमूना बन्ने छ ।' *रासस*

# लुम्बिनीमा घट्यो बाल मृत्युदर

**दाङ (प्रस)-** लुम्बिनी प्रदेशमा बाल मृत्युदर घटेको छ । आर्थिक वर्ष २०७५/७६ मा पाँच वर्षमुनिको बाल मृत्युदर प्रतिहजार ४५ रहेकामा हाल ३३ रहेको छ । शनिबार प्रस्तुत गरिएको बजेट वक्तव्यमा लुम्बिनीका आर्थिक मामिला तथा योजनामन्त्री चेतनारायण आचार्यले नवजात शिशु मृत्युदर प्रतिहजार ३० रहेकामा हाल २१ मा सीमित भएको तथ्यांक उल्लेख गरे ।

लुम्बिनीमा गरिबीको दर पनि घटेको छ । पाँच वर्षअघि ३० प्रतिशत रहेकामा हाल गरिबीको दर १८ प्रतिशतमा झरेको छ । बेरोजगारीको दर ११ प्रतिशतबाट घटेर आठ प्रतिशत पुगेको छ । पाँच वर्षअघि पाँच खर्ब ४० अर्ब रहेको कूल गार्हस्थ उत्पादन चालु आवमा सात खर्ब ७८ अर्ब रूपैयाँ हुने अनुमान गरिएको छ । प्रतिव्यक्ति आय अमेरिकी डलर ८०३ बाट बढेर एक हजार १२६ पुगेको जनाइएको छ ।

त्यस्तै माध्यमिक तह (कक्षा ९-१२) को कूल भर्नादर ७५ प्रतिशतबाट ८४ प्रतिशत र खुद भर्नादर ४० प्रतिशतबाट ५७ प्रतिशतमा वृद्धि भएको छ । लुम्बिनीमा सिँचाइ व्यवस्था पनि वृद्धि भएको छ । बाह्रै महिना सिञ्चित हुनेभूमि २४ प्रतिशतबाट ३५ प्रतिशत पुगेको उल्लेख गरिएको छ । लुम्बिनी प्रदेश माछामासु र दूध उत्पादनमा आत्मनिर्भर भई अन्य प्रदेशमासमेत आपूर्ति भइरहेको जनाइएको छ । कूल गार्हस्थ उत्पादनमा औद्योगिक क्षेत्रको योगदान १४ प्रतिशत पुगेको मन्त्री आचार्यले बताए ।

वि.सं. २०७५ मा सडकको लम्बाइ ११ हजार २३३ किलोमिटर रहेकामा हाल १५ हजार ७६ पुगेको छ । तीस मिनेटको दूरीमा पक्की सडकमा पहुँच भएको जनसंख्या ५० प्रतिशतबाट ६५ प्रतिशत पुगेको छ भने १०९ मध्ये १०८ पालिकामा बाह्रै महिना पहुँचयोग्य सडक निर्माण भएको जनाइएको छ ।

लुम्बिनीमा विद्युत्को पहुँच पनि विस्तार भएको छ । विद्युत्मा पहुँच पुगेको जनसंख्या ८१ प्रतिशतबाट ९८ प्रतिशत पुगेको छ भने इन्टरनेटमा पहुँच भएका घरपरिवार ४९ प्रतिशतबाट ७६ प्रतिशत पुगेको उल्लेख गरिएको छ ।


## QATAR मा रोजगारको सुवर्ण अवसर

COMPANY : AL KHALEEJ BUILDING CO. (W.L.L.), DOHA-QATAR

पूर्व स्वीकृती मिति : २०८१/०३/०२ | LT No.: 306677 | च.नं. : ६०२२१३५७

| सि.नं. | कामदारको पद | माग-संख्या पुरुष | माग-संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mason | 6 | 0 | 1100 | 80,319 | कम्पनीको नियमानुसार | ८-घण्टा | ६-दिन | कम्पनीको नियमानुसार | छ | छ | २-वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिजा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्यानकारी कोषसम्बन्धि व्यवस्था रू. १५००/- कामदार आफैले सेवा नि: शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी (१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्यरुपमा लिनु होला । (२) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । (३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । (४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनुहोला । (५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ (एक) प्रति आफूसँग राख्नुहोला । (६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । (७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क राख्नुहोला।

कन्टिनेन्टल मर्कन्टाईल प्रा.लि.
रानीबारी-०३, सामाखुशी, काठमाण्डौं, नेपाल
Lic: 587/62/63
फोन : 01-4987171, 01-4986792



## कुवेत/साउदी/युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PREP FOOD SUPPLIES COMPANY

पुर्व स्वीकृति मिति २०८१/०२/२५ पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/०२ LT. No. 305986 चलानी नं. ६०२२०७२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 10 | 0 | 150 | ६५,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 10 | 0 | 120 | ५२,२५५ | | | | | | | |
| 3 | Commi 1. | 10 | 0 | 150 | ६५,३२० | | | | | | | |
| 4 | Cook | 10 | 0 | 250 | १०८,८८५ | | | | | | | |
| 5 | Labor | 10 | 0 | 120 | ५२,२५५ | | | | | | | |

कम्पनी : DUBAI OASIS COMPANY

पुर्व स्वीकृति मिति २०८१/०२/०९ पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/०२ LT. No. 305143 चलानी नं. ६०२१९८८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 5 | 0 | 1500 | ५३,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : PLATINUM HANDS PACKING & REPACKING SERVICES

पुर्व स्वीकृति मिति २०८०/१२/२३ पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/०२ LT. No. 303173 चलानी नं. ६०२१७९९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Indoor Cleaners | 20 | 20 | 800 | २९,००० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Packer | 60 | 0 | 800 | २९,००० | | | | | | | |

कम्पनी : MAWARID SERVICES COMPANY LLC

पुर्व स्वीकृति मिति २०८०/०८/२४ पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/०२ LT. No. 296251 चलानी नं. ६०२११२७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Forestry Worker | 143 | 0 | 800 | २९,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ALABAAD ALKHAMSAH SECURITY SERVICES

पुर्व स्वीकृति मिति २०८०/०४/२५ पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/०२ LT. No. 290613 चलानी नं. ६०२१३३२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 52 | 17 | 1200 | ४३,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार १० गते (24th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Future Star Manpower Pvt. Ltd.
FUTURE STAR MANPOWER PVT. LTD.
श्रम इजाजत नं. ३९७/०६०/०६१
Samakhushi, Townplaning, Kathmandu, Nepal,
(Kathmandu) Phone : +977-1-4960576, 4950719, 9810101810, 9813916322
Contact for Branch Office Jhapa (Birtamode) :- 023-533784 ,981-7914275 , 9803498035
Contact for Branch Office Kaski (Pokhara) :- 061591417 / 061501418, 9819100814, 9824194594
E-mail : futurestarmp397@gmail.com, Website : www.futurestarmanpower.com


# टरुवा ताल संरक्षणमा जुटे स्थानीय



**त्रिवेणी (नवलपरासी)-** नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरको कावासोतीका स्थानीय टरुवा ताल संरक्षणका लागि जुटेका छन् । ताललाई जलकुम्भीसहित झारले ढपक्क ढाकेर चौरजस्तै बन्न थालेपछि आफूहरू सरसफाइसहित संरक्षणमा जुटेको ताल संरक्षण तथा सिँचाइ जल उपभोक्ता समितिका अध्यक्ष शालिकराम सापकोटाले बताए ।

सरसफाइ नहुँदा तालको अस्तित्व नै संकटमा पर्न थालेकाले यसको सरसफाइमा जुटेको उनले बताए । 'यो जिल्लाकै महत्त्वपूर्ण ताल हो तर संरक्षण हुन नसक्दा संकटमा पर्दै गएकाले स्थानीयको सक्रियतामा ताल सफा गर्ने अभियान सञ्चालन गरेका छौं,' अध्यक्ष सापकोटाले भने । दैनिकरूपमा स्थानीयको सक्रियतामा तालभित्र रहेको जलकुम्भी झार हटाउने काम भएको उनले बताए । पानी भएको स्थानको जलकुम्भी हटाउने काम करिब सकिएको र जेसिबीको सहायताले छेउछाउमा सफा गर्नुपर्ने देखिएको उनले बताए ।

कावासोती नगरपालिका वडा नम्बर ७ र ८ मा फैलिएको ताल पर्यटकीय दृष्टिले महत्त्वपूर्ण रहेको नवलपुर होटल व्यवसायी संघका अध्यक्ष एवं स्थानीय सन्तोष रानाले बताए । दिगोरूपमा संरक्षणको योजना बनाएर अघि बढ्न सके टरुवा ताल जिल्लाकै महत्त्वपूर्ण पर्यटकीय क्षेत्र बन्ने उनको भनाइ छ । 'बजार क्षेत्रबाट नजिक रहेको र पानीको पर्याप्त स्रोत भएको हुँदा यसको दिगोरूपमा संरक्षणको योजना बनाउँदै अघि बढ्न आवश्यक छ । त्यसो गरेमा आर्थिक विकाससमेत टेवा पुग्ने छ,' रानाले भने ।

हालको कावासोती बजार स्थापनामा टरुवा ताल जोडिन्छ । बजार क्षेत्र मानिने कावासोती वडा नं २, ३ र ८ मा तत्कालीन बस्ती विकासको समयमा खानेपानीको उपलब्धता नहुँदा यही तालको पानीले स्थानीयले आवश्यकता परिपूर्ति गर्ने गर्दथे । सोही तालको मुहानबाट पानी ल्याएर यहाँका बासिन्दाले पिउने, गाईवस्तुलाई खुवाउनदेखि घर निर्माणका कार्यमा प्रयोग गर्ने गर्दथे ।

करिब ३.५२ हेक्टर क्षेत्रफलमा ताल फैलिएको छ । टरुवा तालसँगै हरियाली वातावरण, नजिकै रहेको नर्मदेश्वर महादेव मन्दिर, ताल परिसरसँगै जोडिएको गुम्बा आफैंमा पर्यटकीय सम्भावना बोकेका क्षेत्र छन् । यसलाई जोडेर एकीकृतरूपमा विकास गर्न सके जिल्लाकै सुन्दर पर्यटकीय गन्तव्य बन्ने अध्यक्ष रानाले बताए ।

दुई वडामा फैलिएकाले संरक्षण कसले गर्ने भन्ने अन्योलता छ । ताल संरक्षणका लागि भनेर विभिन्न समिति निर्माण भएका छन् तर ती समितिले एकीकृत कार्ययोजना निर्माण नगर्दा संरक्षणमा नै चुनौती थपिएको यहाँका स्थानीयको बुझाइ रहेको छ । *रासस*


## शिवनाथ गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
शिवनाथ, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

## सिलबन्दी दरभाउ स्वीकृतिको आशय सम्बन्धी सूचना

**प्रकाशित मिति २०८१/०३/०४**

यस शिवनाथ गाउँपालिका, गाउँ कार्यपालिका कार्यालयको आ.ब. २०८०/०८१ को स्विकृत कार्यक्रम अन्तर्गत (IFQ No:-01/SRMUN/GOODS/2080/081) Procurement Of Goods (Supply and Delivery Of Sanitary Pad) का लागि मिति २०८१/०२/१४ गते प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार e-bidding मार्फत पेश हुन आएका सिलबन्दी दरभाउ मध्ये विभिन्न चरणको मुल्याङ्कन गर्दा तपशिल बमोजिमका सिलबन्दी दरभाउ सारभुत रुपमा प्रभावग्राही ठहरी मुल्याङकन समितिबाट छनौट सिफारिस भई आएको हुँदा दरभाउ स्वीकृतिका लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा २ र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिलः

| बोलपत्र संकेत नं. | छनौट भएको सप्लायर्सको नाम | कबोल रकम (रु.मा) |
|---|---|---|
| 01/SRMUN/GOODS/2080/081 | श्री Bhageshwori Multi Trade and Suppliers | रु.६,३६,२९५ (भ्याट बाहेक) |

प्रमुख प्रशासकीय अधिकृत

# प्रभाव दैनिक





## नेपाल भाषाको 'सलिंचाय्' सार्वजनिक

नेपाल भाषाको म्युजिक भिडियो 'सलिंचाय्' सार्वजनिक भएको छ। नेवार समुदायको विशेष चाड 'सिथिनखः'को अवसरमा सो भिडियो सार्वजनिक गरिएको हो। मगन इन्टरटेन्मेन्टले तयार पारेको भिडियोमा मुख्य कलाकार राष्ट्रिका शाक्य र रजिन महर्जन रहेका छन्। गायक सतीश महर्जनको स्वर रहेको गीतका लेखक कवि आर. मानन्धर हुन्। केही महिना पहिला पनि मानन्धरकै गीत 'छंगु म्हगः गुलि बांलाः' को म्यूजिक भिडिओ पनि प्रस्तुत भएको थियो। सो गीतले लोकप्रियता हासिल गरेपछि त्यसैको नामबाट यसलाई 'छंगु म्हगः २' को रूपमा प्रस्तुत गरिएको हो।






# एउटै मञ्चमा चार शीर्ष विजेता घोषणा




■ प्रभाव संवाददाता

**काठमाडौं–** 'मिस एण्ड मिस्टर जुनियर एण्ड सिनियर आइडल-२०२४'मा एउटै स्टेजमा चार शीर्ष उपाधि घोषणा गरिएको छ। स्पार्कल इन्टरटेनमेन्टद्वारा राजधानीमा आयोजित यस प्रतियोगितामा सिनियर र जुनियर र जुनियर 'बी' र 'मिस्टर जुनियर' गरी चार शीर्ष विजेता घोषणा गरिएको हो।

प्रतियोगिताको यस पहिलो सिजनमा जुनियरतर्फ रियान्सु दाहालले शीर्ष उपाधि जितेका छन्। यस्तै, जुनियरतर्फ फस्ट रनअप र सेकेण्ड रनरअप क्रमशः सुप्रिया उप्रेती र तेजस्वी केसी भए। तेजस्वीले पब्लिक च्वाइज सबटाइटल समेत पाइन्।

यस्तै, जुनियर 'बी' समूहमा पूर्णिमा थापा विनर बनेकी छन् भने भार्गवी शर्मा फस्ट रनरअप तथा इनिका काफ्ले सेकेण्ड रनरअप भएका छन्।

यस्तै, सिनियरतर्फ सृष्टि बमजन विजेता बनेकी छन्। फस्ट रनरअफ नुमा राई तथा सेकेण्ड रनरअप पलेस्वा रघुवंशी भए। यस्तै, प्रतियोयितामा अनमोल उप्रेतीले 'मिस्टर जुनियर'को उपाधि पाएका छन्। माछापुच्छ्रे स्कुलको प्रायोजन तथा काठमाडौं वर्ल्ड स्कुलको को-स्पन्सर गरेको यस प्रतियोगिताका लागि भेन्यू पार्टनर मिड भ्याली स्कुल रहेको थियो।

नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानमा उपकुलपति एवं बरिष्ठ गायक शम्भू राईको आतिथ्यमा सम्पन्न यस प्रतियोगिताका लागि अन्तर्राष्ट्रिय मोडल दीपक घिमिरे, इभेन्ट अर्गनाइजर निशु झा, अभिनेता रमेश उप्रेती, मिसेस युनिभर्सल सुस्मा सुबेदी, स्नेहा पोखरेल र विना श्रेष्ठ निर्णायक रहेका थिए।

मोडल तथा अभिनेता दिक्पाल कार्कीको कोरियोग्राफीमा आयोजित यस प्रतियोगिताको इभेन्ट को-अर्डिनेटर अमृता राई रहेकी थिइन् भने कार्यक्रमको होस्ट सेसेमी लिम्बूले गरेकी थिइन्। कार्यक्रम सोचेभन्दा भव्य र सभ्य भएको आयोजक संस्था स्पार्कल इन्टरटेनमेन्टकी सिईओ नीतु श्रेष्ठले बताइन्।

उनले भनिन्, 'अरु इभेन्टहरू आयोृजना गर्दै आएपनि 'मिस एण्ड मिस्टर जुनियर एण्ड सिनियर आइडल' भने पहिलोपटक गरेका हौं। पहिलोपटक भएपनि सबैबाट साथ सहयोग मिलेपछि कार्यक्रम सोचेभन्दा राम्रो भयो।'

# 'चलचित्र निर्माण अघि अध्ययन आवश्यक'

■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र बिकास बोर्ड अन्तर्गतको 'आदिवासी जनजाती मातृभाषी चलचित्र प्रवर्द्धन समिति'का संयोजक ज्योतीराज राईले चलचित्र निर्माण अघि अध्यायन र अनुसन्धान हुन आवश्यक रहेको बताएका छन्। अध्यायन र अनुसन्धान सहित निर्माण भएको चलचित्रको बजार प्रवर्द्धनमा सजिलो हुने उनको धारणा रहेको छ।

शनिबार बुटवलमा मातृभाषी चलचित्र प्रवर्द्धन समिति आदिवासी र जनजाती चलचित्र महासंघको आयोजना र मगर चलचित्रकर्मी संघ रूपन्देहीको सह-आयोजनामा आयोजित मातृभाषी चलचित्रको निर्माण प्रवर्द्धन बजारीकरण विषयक अन्तर्कृयामा बोल्दै राईले यस्तो धारणा राखेका हुन्।

चलचित्र विकास बोर्डको सहयोगमा रहेका संयोजक राईले आदिवासी र जनजाती



चलचित्रको प्रवर्द्धनको लागी समिती गठन भैसकेकोले आगामी दिनमा चलचित्रको बजारीकरण सहज हुने दावी गरे। 'आदिवासी जनजाती चलचित्रहरू फेस्टिवल र च्यारिटीमा मात्र सिमित नभएर अन्य चलचित्रहरूसँग पनि प्रतिस्पर्धामा जाने गरेका छन्', उनले भने 'त्यसैले चलचित्र निर्माण गर्दा आदिवासी जनजातीहरूको भावनामा ठेस लाग्ने, उनीहरूको भाषा कला, साहित्य र सँस्कृतिमा आच आउने कुरामा ध्यान दिनपर्छ।' चलचित्र मार्फत नयाँ पुस्तामा संस्कृति सिकाउने भएकाले पनि चलचित्र निर्माण गम्भीर हुनुपर्नेमा उनले जोड दिए।

कार्यक्रममा आदिवासी चलचित्रकर्मी महासंघका अध्यक्ष पुर्खाजीत राईले आदीवासीहरू नेपालका मुलवासी भएकाले आफुहरूको भाषा नै नेपालको मुल भाषा भएको बताए। उनले आदीवासीका भाषामा बनेका चलचित्रहरूलाई विश्व बजारमा पुर्याउने काम महासंघको रहेको बिचार राखे।

कार्यक्रममा मातृभाषा र सामुदायिक मुद्दामा आधारित चलचित्र निर्माण, निर्देशन र प्रवर्द्धनमा विशेष योगदान पुर्याउने मेजन पुन मगर, धनबहादुर गुरुङ र छबिलाल(कोपिला) चौधरीलाई सम्मान समेत गरिएको कार्यक्रममा कलाकार तथा निर्माता धनबहादुर गुरुङले सरकारले जनजातीहरूको भाषा संस्कृतिलाई दमन गरेकै कारण आदीवासीहरूको कथामा निर्माण गरिएको चलचित्रहरूले बजार पाउन नसकेको आरोप लगाए।

# असार २८ देखि घरज्वाइँ

■ प्रभाव संवाददाता

**काठमाडौं–** सामाजिक कथामा आधारित चलचित्र घरज्वाइँको प्रदर्शनको व्यापक रूपमा तयारी भइरहेको छ। यो चलचित्र यही असार २८ गते शुक्रबारदेखि देशव्यापी रूपमा हलहरूमा आउँदैछ।

अनिल बुढामगरको निर्देशन र जनक घर्तीमगर निर्माता रहेको यस चलचित्रका मुख्य कलाकार हरूमा दयाहाङ राई, मिरुना मगर, बुद्धि तामाङ, पुष्कर गुरुङ, शिशिर बाङ्देल, कविता आले, राज थापा, शिला खनाल, खड्गबहादुर पुन, सुनिल मगर, अनु थापा, बिना थापा, विवेश बुढा लगायत रहेका छन्। यो चलचित्रमा मनोज थापा र एस.डी योगीले संगीत दिएका छन्, थापा योगीले नै गीत पनि गाएका छन्। गीतमा हर्क साउद र राम अविरलको शब्द रहेको छ।

चलचित्रको छायाँकन सुसन प्रजापति र सम्पादन कृष्ण भण्डारीले गरेका छन्। यस चलचित्र 'घरज्वाइँ'मा अनिल बुढामगरको कथा, अनिल बुढामगर, बिनोद खड्का र सुभास कोइरालाको पटकथा तथा सम्वाद रहेको छ।

जिएम मुभिज्को व्यानरमा निर्माण भएको यस चलचित्रमा फिरोज खड्का मुख्य सहायक निर्देशक र धनबहादुर राई निर्माण नियन्त्रक रहेको निर्माता जनक घर्तीमगरले जानकारी दिए। यो चलचित्रको वितरण आरआर फिल्मस्ले गर्दैछ। आरआर फिल्मस्का अध्यक्ष रत्न श्रेष्ठले 'घरज्वाइँ' राम्रो चलचित्र भएकाले दर्शकहरूले मन पराउने विश्वास व्यक्त गरे।






# बंगलादेशसँग पराजित हुँदै टुंगियो नेपालको विश्वकप यात्रा

■ प्रभाव संवाददाता

**काठमाडौं–** आइसिसी टि ट्वान्टी विश्वकप क्रिकेट प्रतियोगिताअन्तर्गत समूह चरणको आफ्नो अन्तिम खेलमा नेपाल बंगलादेशसँग पराजित भएको छ। वेस्टइन्डिजको सेन्ट भिसेन्टस्थित अरनोस भाले रंगशालामा सम्पन्न खेलमा नेपाल बंगलादेशसँग २१ रनले पराजित भएको हो। यस खेलसँगै विश्वपकमा समूह डि को समीकरण पूरा भएको छ। समूह डि बाट दक्षिण अफ्रिका र बंगलादेश विश्वकपको दोस्रो चरणमा प्रवेश गरेका छन्। आठ अंक बटुलेको दक्षिण अफ्रिका शीर्ष स्थानमा रहँदै सुपर आठमा पुगेको हो भने छ अंक बटुलेको बंगलादेश दोस्रो स्थानमा रहँदै अघिल्लो चरणमा पुगेको हो।

यस समूहबाट नेपाल, नेदरल्यान्डस र श्रीलंका समूह चरणबाटै बाहिरिएका छन्। विश्वकपको यात्रा टुंगाएसँगै नेपाली टोलीका लेग स्पीन सन्दीप लामिछानेले भने टि ट्वान्टी अन्तर्राष्ट्रिय क्रिकेटको आफ्नो ५४ औं खेलमा एक सय विकेट पुरयाउदै विश्वको दोस्रो छरितो खेलाडीको नयाँ कीर्तिमानी बनाउन सफल भएका छन्।

बंगलादेशविरुद्धको खेलमा उनले दुई विकेट लिएसँगै उनको एक सय विकेट पूरा भएको हो। जारी विश्वकपमा सन्दीपको यो दोस्रो खेल हो। यसअघि अमेरिकाले भिसा नदिएपछि सन्दीपले अमेरिकामा नै भएको नेदरल्यान्डस र श्रीलंकाविद्धको खेल गुमाउन पुगेका थिए। यद्यपी नेपाल र श्रीलंकाको खेल भने वर्षाका कारण रद्द भएको थियो।

अफगानिस्तानका रासिद खानले ५३ खेलमा एक सय विकेट लिँदै टि ट्वान्टी अन्तर्राष्ट्रिय खेलमा सबैभन्दा कम खेलेर एक सय विकेट लिने कीर्तिमान बनाएका थिए। आजको खेलमा बंगलादेशले जितका लागि दिएको एक सय सात




रनको विजयी लक्ष्य पच्छ्याएको नेपाल १९ दशमलव २ ओभरमा सबै विकेट गुमाउँदै ८५ रनमै समेटियो। नेपालका लागि कुशल मल्लले सर्वाधिक २७ रनको योगदान दिए। उनले ४० बलमा एक चौका र एक छक्काको सहायताले सर्वाधिक २७ रन बनाएका हुन।

त्यसैगरी दीपेन्द्रसिंह ऐरीले ३१ बलमा दुई चौका र एक छक्काको मद्दतमा २५ रन बनाए। त्यस्तै आसिफ शेखले १४ बलमा चार चौका प्रहार गर्दै १७ रन बनाउनुबाहेक अन्य खेलाडीले दोहोरो अंकका रन बनाउन सकेनन्। कुशल भुर्तेल चार रनमा आउट हुँदा रोहितकुमार पौडेल र सन्दीप जोरा समान एक एक रनमा आउट भए। अनिल शाह, गुलशन झा, सोमपाल कामी, सन्दीप लामिछाने र अभिनाश बोहोरा शून्यमा आउट भए।

नेपाललाई सस्तैमा समेट्नेक्रममा बंगलादेशका लागि तान्जिम हसन सकिबले चार विकेट लिए भने, मुस्ताफिजुर रहमानले तीन विकेट झारे। त्यस्तै सकिब अल हसनले दुई र तस्किन अहमदले एक विकेट लिए।

त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको बंगलादेशले १९ दशमलव ३ ओभरमा सबै विकेट गुमाउँदै एक सय ६ रनको योगफल बनाएको थियो। बंगलादेशका लागि सकिब अल हसनले २२ बलमा २ चौकासहित सर्वाधिक १७ रनको योगदान दिए। त्यस्तै रिशाद हसनले सात बलमा एक चौका र एक छक्कासहित १३ रन जोडे। महमुदूल्लाह रियादले १३ बलमा दुई चौकाको सहायताले समान १३ रन नै जोडे।

यसैगरी तक्किन अहमद र जाकेर अलीले समान १२/१२ रन जोडे भने लिटन दासले १० रन बनाए। तोव्हीद ह्रिदोयले ९, कप्तान नाज्मुल हसन सान्टाले ४ तथा तान्जिम हसन सकिब र मुस्तब फिजुर रहमानले समान ३/३ रन बनाए। नेपालका सोमपाल कामी, दीपेन्द्रसिंह ऐरी, सन्दीप लामिछाने र रोहितकुमार पौडेलले समान दुई दुई विकेट लिएका थिए। यस खेलसँगै जितविहीन रहँदै नेपालले विश्वकपको यात्रा टुंगायो।

# सूर्य नेपाल प्रिमियर गल्फ प्रतियोगिता सुरू

■ प्रभाव संवाददाता

**काठमाडौं–** सूर्य नेपाल गल्फ टुर २०२३-२४ को अन्तिम प्रतियोगिता सूर्य नेपाल प्रिमियर गल्फ च्याम्पियनसीप आजदेखि गोकर्ण गल्फ क्लबमा सुरू हुँदैछ। ७२ होलको चारदिने प्रतियोगिता शुक्रबारसम्म हुनेछ।

कुल १५ लाख ५० हजार नगद पुरस्कार राशी रहेको प्रतियोगिताको विजेताले २ लाख ७५ हजार नगद पुरस्कार प्राप्त गर्नेछ। दोस्रो र तेस्रो हुनेले क्रमश १ लाख ७५ हजार र १ लाख २२ हजार प्राप्त गर्नेछन। यस्तै चौथो र पाँचौ हुनेलाई १ लाख २ हजार र ८० हजार प्रदान गरिनेछ। कुल २१ गल्फरले नगद पुरस्कार प्राप्त गर्नेछन्।

पुरस्कार राशीको आधारमा सिजनकै ठुलो प्रतियोगितामा ३७ प्रोफेसनल र ११ एमेच्योर गल्फरको सहभागिता रहने जानकारी आज आयोजित पत्रकार सम्मेलनमा पीजीए नेपालका महासचिव दिपक आचार्यले दिए।

दुई दिनको खेल पश्चात कट लागु हुनेछ। ३६ होलको समाप्तीमा उत्कृष्ट २१ र टाइमा पर्ने प्रोफेसनल खेलाडीहरूले मात्र अन्तिम दुई दिनको खेलका लागि स्थान बनाउनेछन। एमेच्योर गल्फरको हकमा पनि कट बनाउन उत्कृष्ट २१ भित्र पर्नु पर्नेछ।

यो सिजनको अन्तिम प्रतियोगिता पश्चात सिजन अवधिभर कूल पुरस्कार रकम प्राप्त गरेको आधारमा नम्बर एक गल्फरको होडमा अहिले भुवन नगरकोटी सबैभन्दा अगाडि रहेका छन। उनी धरानका निरज तामाङ भन्दा १ लाख १८ हजार ८ सय ७५ रूपैयाँले अगाडि




छन। भुवनले यो सिजनको सात प्रतियोगिता सकिंदा ५ लाख ६६ हजार ८ सय ७५ नगद पुरस्कार कमाएका छन। उनले यो सिजन सूर्य नेपाल वेस्टर्न ओपन जितेका थिए।

निरज तामाङ ४ लाख ४८ हजार सहित मनि लिडर तालिकामा दोस्रो स्थानमा छन। उनले यो सिजन सूर्य नेपाल काठमाडौं ओपनको उपाधि जितेका थिए। सूर्य नेपाल म्याच प्ले जितेका दिनेश प्रजापति ३ लाख ७२ हजार सहित तेस्रो स्थानमा छन। सूर्य नेपाल च्यालेन्ज जितेका रवि खड्का ३ लाख ७२ हजार सहित चौथो र २ लाख ६० हजार ७ सय २५ नगद सहित सञ्जय लामा पाँचौ स्थानमा रहेका छन्।

मनि लिडरहरूलाई डिफेन्डिङ च्याम्पियन सुबाश तामाङले चुनौती प्रस्तुत गर्ने संभावना उच्च छ। एमेच्योर गल्फर रहँदा सुबाशले कुल पाँच उपाधि जितेका छन। यो सिजन प्रो बनेपछि उनको यो घरेलु टुरमा दोस्रो प्रतियोगिता हो। यो सिजन सात मध्ये दुई प्रतियोगिता सूर्य नेपाल सेन्ट्रल ओपन र सूर्य नेपाल एनपिजीए टुर च्याम्पियनसीप जितेका एमेच्योर गल्फर सदभाव आचार्य पनि प्रमुख दाबेदार हुन। उनले यो सिजन सात प्रतियोगिताको समाप्तीमा कुनै पनि प्रोले भन्दा बढी उपाधि जितेका छन्।

सूर्य नेपाल प्रिमियर गल्फ च्याम्पियनसीपको प्रो-एम शनिबार हुनेछ। २५ प्रो र १०० एमेच्योर गल्फरको सहभागीता रहनेछ।

पिजिए नेपालका अध्यक्ष रविन्द्रमान श्रेष्ठले यो सिजनकै सर्वाधिक नगद पुरस्कार राशीको प्रतियोगितामा कडा प्रतिस्पर्धा हुने भन्दै जितको लागि शुभकामना दिएका छन। उनले प्रमुख प्रायोजक सुर्य नेपाल प्रालिलाई नेपाली गल्फ विकासमा निरन्तरको सहयोगका लागि धन्यवाद दिए।



मुस्लिम धर्मावलम्बीहरूको पवित्र सहर साउदी अरेबियाको मक्का नजिकैको मीना, जहाँ वार्षिक हजको अन्तिम संस्कार सैतानको प्रतीकात्मक स्तम्भहरूमा ढुंगा हान्न लाखौं तीर्थयात्री जम्मा भएका छन् । *तस्बिरः एएफपी*

# श्रीलंकाको अर्थतन्त्रमा सुधारको संकेत

**कोलम्बो (श्रीलंका)-** श्रीलंकाले सोमबार पहिलो त्रैमासिकमा कमजोर विदेशी मुद्रा संकटबाट सुधार जारी राख्दै अर्थतन्त्र अपेक्षाभन्दा धेरै बलियो बनेको जनाएको छ । जनवरीदेखि मार्चसम्ममा ५.३ प्रतिशत विस्तारले अघिल्लो तीन महिनाको तुलनामा वृद्धि देखिएको छ । गत वर्षको सोही अवधिमा अर्थतन्त्रमा १०.७ प्रतिशत संकुचन थियो ।

ब्लुमबर्ग न्युजको सर्वेक्षणमा ४.० प्रतिशतको पूर्वानुमान रहेको तर पहिलो त्रैमासिकको सुधारले अनुमान गरिएभन्दा बढी (५.३ प्रतिशत) सुधार देखिएको हो । उपअर्थमन्त्री रञ्जित सियाम्बलापितियाले सरकारले सन् २०२४ मा समग्र वार्षिक वृद्धि २.२ प्रतिशत हुने अपेक्षा गरेको बताए । सबैभन्दा खराब आर्थिक संकटको सामना गरेको दुई वर्षपछि सकारात्मक वृद्धि हासिल गर्न सफल हुनु उल्लेखनीय भएको उनले बताए ।

आधिकारिक तथ्यांकले सन् २०२३ को जनवरीदेखि मार्चसम्ममा २४.३ प्रतिशत संकुचनको तुलनामा पहिलो त्रैमासिकमा ११.८ प्रतिशतको विस्तारका साथ औद्योगिक क्षेत्रमा तीव्र सुधार देखिएको छ । सेप्टेम्बर २०२२ मा मुद्रास्फीति ७० प्रतिशतको शिखरबाट मेमा ०.९ प्रतिशतमा झरेको कारण निर्माण क्षेत्रमा पनि सुधार देखिएको छ ।

गत हप्ता अन्तर्राष्ट्रिय मुद्रा कोषले श्रीलंकालाई चार वर्षको २.९ अर्ब डलर कर्जा सहयोगको एक भागका रूपमा तीन करोड ३६ लाख अमेरिकी डलर प्राप्त गरेको थियो । श्रीलंका सन् २०२२ अप्रिलमा ४६ अर्ब डलरको विदेशी ऋण तिर्न नसक्दा आर्थिक संकटमा परेको थियो ।

सन् २०२२ मा आर्थिक संकटको चरम अवस्थामा आयातका लागि विदेशी मुद्रा समाप्त भएपछि श्रीलंकामा महिनौंसम्म खाद्यान्न, इन्धन र औषधिको अभाव देखिएको थियो ।

यसैको परिणामस्वरूप सुरु भएको नागरिक आन्दोलनले तत्कालीन राष्ट्रपति गोताबाया राजापाक्षको निवासमा आक्रमण गरेको र आन्दोलनले उनलाई पदबाट हट्न बाध्य बनाएको थियो ।

उनका उत्तराधिकारी रनिल विक्रमसिंघेले आर्थिक संकटलाई व्यवस्थापन गर्न उदार ऊर्जा अनुदान फिर्ता लिएका थिए भने करलाई दोब्बर बनाई राज्यको राजस्व बढाउन वस्तुहरूको मूल्य बढाएका थिए । *रासस/एएफपी*

# अस्ट्रेलियासँगको सम्बन्ध 'सही मार्गमा' फर्किएको चीनको भनाइ



**क्यानबेरा, अस्ट्रेलिया-** अस्ट्रेलियाको मुख्य व्यापारिक साझेदार चीनसँगको आर्थिक विवाद 'सही मार्गमा' फर्किएको भन्दै बेइजिङले सोमबार अस्ट्रेलियासँगको सम्बन्ध सुधारको प्रशंसा गरेको छ । अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बनिजसँग वार्ता गर्नुअघि चिनियाँ प्रधानमन्त्री ली किआङलाई क्यानबेराको संसद् भवनमा भव्य स्वागत गरिएको थियो ।

सन् २०१७ पछि भ्रमण गर्ने उच्च पदस्थ चिनियाँ अधिकारीका रूपमा लीले आफ्नो अस्ट्रेलिया भ्रमणले सम्बन्ध सुधार र स्थिर विकासको सही बाटोमा रहेको बताए । उनले अस्ट्रेलियाली नागरिकलाई चीनमा सीमित भिसामुक्त पहुँच प्रदान गर्ने शाखाको पनि प्रस्ताव गरे । 'हामी सधैं सहमत हुने छैनौं, र यदि हामी असहमत भएका बिन्दुलाई मौन छोड्छौं भने त्यो समाधानको बाटो हुने छैन,' अल्बानिजले भने ।

'आपसी सम्मान, मतभेद र पारस्परिक फाइदाजनक सहयोगलाई त्यागेर साझा आधार खोज्नु' सम्बन्धका लागि महत्त्वपूर्ण भएको चिनियाँ प्रधानमन्त्री लीले आफ्नो अस्ट्रेलिया भ्रमणको सुरुमा बताए । लीको चारदिने भ्रमणले प्रमुख अस्ट्रेलियाली निर्यातको शृंखलाविरुद्ध लगाइएका दण्डात्मक उपायहरू हटाउने र यसले चीनको अस्ट्रेलियासँगको व्यापार वृद्धिको सम्भावना बढाउने बेइजिङले विश्वास लिएको छ ।

चीन अस्ट्रेलियाको सबैभन्दा ठूलो व्यापारिक साझेदार हो । उसले गत वर्ष प्रमुख वस्तुहरू फलाम, कोइला र खनिज पदार्थसहित आफ्नो निर्यातको लगभग ३० प्रतिशत हिस्सा ओगटेको थियो ।

सन् २०२३ मा दुईतर्फी व्यापार ३२७ अर्ब अष्ट्रेलियन डलर (२१६ अर्ब डलर) पुगेको थियो । सन् २०२० मा अतिराष्ट्रवादी चिनियाँ सरकारसँगको कूटनीतिक दरारका कारण चिनियाँ प्रतिबन्धका कारण कोइला, काठ, जौ, गाइका मासुका साथै वाइनको निर्यातमा समस्या भएको थियो । ती प्रतिबन्धहरूले अस्ट्रेलियाली निर्यातकर्ताहरूलाई एक वर्षमा अनुमानित २० अर्ब अस्ट्रेलियाली डलर (१३ अर्ब अमेरिकी डलर) घाटा लागेको थियो । *रासस/एएफपी*

# इजरायली प्रधानमन्त्रीले भंग गरे युद्ध मन्त्रिपरिषद्



**तेल अभिव (इजरायल)-** इजरायली प्रधानमन्त्री बेन्यामिन नेतान्याहुले गाजामा युद्धको नेतृत्व गर्ने जिम्मेवारी दिइएको प्रभावशाली युद्ध मन्त्रिपरिषद्लाई भंग गरेको अधिकारीहरूले सोमबार बताएका छन् । युद्ध मन्त्रिपरिषद्का एक प्रमुख सदस्यले प्रधानमन्त्रीको युद्ध व्यवस्थापन गर्ने तरिकालाई लिएर निराशा व्यक्त गर्दै सरकारको आलोचना गरेको केही दिनपछि यस्तो कदम चालिएको हो ।

यसै महिनाको प्रारम्भमा मध्यमार्गी पूर्व सैन्य प्रमुख बेनी गेन्ट्जले युद्ध मन्त्रिपरिषद् सदस्यबाट राजीनामा दिएपछि यस्तो कदमको व्यापक अपेक्षा गरिएको थियो । सरकारबाट गेन्ट्जको अनुपस्थितिले नेतान्याहुलाई शासन गर्न आफ्ना अतिराष्ट्रवादी सहयोगीमाथि अधिक निर्भर बनाएको छ र युद्ध मन्त्रिपरिषद्को विघटनले गाजामा आठ महिना लामो युद्धका रूपमा भएको परिवर्तनलाई जोड दिएको छ ।

नेतान्याहुले युद्धसँग सम्बन्धित संवेदनशील मुद्दाका लागि आफ्ना केही सरकारी सदस्यसँग सानो फोरम राख्ने आफ्नो नाम उल्लेख नगर्ने सर्तमा एक अधिकारीले बताए । यसमा युद्धविराम सम्झौताको विरोध गर्ने र गाजामाथि पुनः कब्जा गर्नका लागि समर्थन गर्ने अतिदक्षिणपन्थी शासक साझेदार रहेको सुरक्षा मन्त्रिपरिषद् पनि समावेश छ ।

गेन्ट्ज विपक्षी दलको नेता तथा नेतान्याहुका प्रतिद्वन्द्वी रहेको बेला युद्ध मन्त्रिपरिषद्को गठन युद्धको सुरुआती दिनमा गरिएको थियो । अक्टोबर ७ मा दक्षिणी इजरायलमाथि हमासको आक्रमणपछि एकता प्रदर्शनमा गेन्ट्ज गठबन्धनमा सामेल भएका थिए । उनले नेतान्याहुको सरकारका अतिदक्षिणपन्थी सदस्यहरूलाई किनारा लगाउन सानो निर्णय गर्ने निकायले युद्धको नेतृत्व गर्नुपर्छ भन्ने माग गरेको थियो ।

युद्ध मन्त्रिपरिषद्मा तीन सदस्य गेन्ट्ज, नेतान्याहु र रक्षामन्त्री योभ ग्यालेन्ट थिए । उनीहरूले मिलेर युद्धका क्रममा महत्त्वपूर्ण निर्णय गरेका थिए । इजरायलले थप महत्त्वपूर्ण निर्णयको सामना गर्नुपरिरहेको बेला युद्ध मन्त्रिपरिषद् समाप्त गर्ने कदम चालिएको छ । हमासको आक्रमणका क्रममा बन्धक बनाइएका मानिसहरूको रिहाइको बदलामा इजरायल र हमासले युद्धविरामको पछिल्लो प्रस्तावमाथि विचार गरिरहेका छन् ।

इजरायली सेना अहिले पनि गाजा पट्टीमा फसेका छन् । उनीहरू दक्षिणी सहर रफाह र अन्य स्थानमा हमासको पुनरुत्थानविरुद्ध लडिरहेका छन् । साथै इजरायल र लेबनानी हिजबुल्लाह लडाकु समूहबीच हिंसा जारी छ ।

सम्पूर्ण युद्धमा नेतान्याहुले इजरायलको शीर्ष सहयोगी अमेरिका, युद्धको बढ्दो विश्वव्यापी विरोध तथा आफ्ना सरकारी सहयोगीहरू वित्तमन्त्री बेजेलेज स्मोट्रिच र राष्ट्रिय सुरक्षामन्त्री इतामार बेन-गभिरको दबाबबीच सन्तुलन बनाउने भूमिका निर्वाह गरेको छ । दुवै मन्त्रीले इजरायलले युद्धविराम सम्झौतामा अघि बढेमा सरकार ढाल्ने धम्की दिएका छन् । विचाराधीन पछिल्लो प्रस्ताव युद्ध अन्त्य गर्न सहयोग गर्नका लागि बाइडेन प्रशासनको सबैभन्दा केन्द्रित प्रयासको हिस्सा हो । *रासस/एपी*

# जी-७ को वक्तव्य 'अहंकार, पूर्वाग्रह र झूठले भरिएको' चीनको दाबी

**बेइजिङ-** आर्थिक शक्तिराष्ट्रहरूको समूह (जी-७) का नेताहरूले रूसमा हतियार नपठाउन चीनलाई चेतावनी दिएपछि बेइजिङले सोमबार यस सम्बन्धमा प्रतिक्रिया जनाएको छ । चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता लिन जियानले सोमबार जवाफमा उक्त वक्तव्यले 'चीनमाथि निन्दा र आक्रमण' गरेको बताएका छन् ।

नियमित पत्रकार भेटघाटमा उनले भने, 'यसमा कुनै तथ्यगत, कानुनी आधार छैन, साथै यसको नैतिक औचित्य छैन र भनाइ अहंकार, पूर्वाग्रह र झूठले भरिएको छ ।' गत साता इटालीमा भएको जी-७ का नेताहरूको बैठकमा बेइजिङसँगको तीक्ततापूर्ण व्यापारिक सम्बन्धका साथै युक्रेन र दक्षिण चीन सागरको तनावलाई लिएर छलफल भएको थियो ।

शिखर सम्मेलनको अन्त्यमा जारी विज्ञप्तिमा भनिएको छ, 'चीनले युक्रेनमा रूसी युद्धलाई सहयोग पुऱ्याइरहेको र चीनले रूसलाई दोहोरो प्रयोग गर्ने युद्ध सामग्रीहरू पठाइरहेको छ ।'

गत वर्षको शिखर सम्मेलनको तुलनामा कडा भाषा प्रयोग गर्दै जी-७ को वक्तव्यमा दक्षिण चीन सागरमा चीनको 'सैन्यीकरण, बलजफ्ती र धम्कीपूर्ण गतिविधि'को पनि आलोचना गरिएको छ । *रासस/एएफपी*

# भारतमा रेल दुर्घटना १५ जनाको मृत्यु, ६० घाइते

**कलकत्ता-** भारतमा सोमबार दुईवटा रेल एकआपसमा ठोक्किँदा १५ जनाको मृत्यु भएको छ भने ६० जना घाइते भएका छन् । एक मालबाहक रेलका चालकले संकेतलाई गलतरूपमा बुझ्दा 'एक्सप्रेस रेल' को पछाडिको भागमा ठोक्किएर उक्त दुर्घटना भएको प्रहरी र रेलवे अधिकारीले बताएका छन् ।

दार्जीलिङ जिल्लाको फाँसीदेवा इलाकामा 'कञ्चनजंघा एक्सप्रेस' रेललाई मालबाहक रेलले ठक्कर दिएको हो । यात्रुबाहक गाडीका तीनवटा पटरी रेल र रेलको लिकबाट छुट्टिई जमिनमा ढलेका छन् । भारतको पश्चिम बंगाल राज्यमा भएको यो घटना भारतको रेल नेटवर्कमा परेको पछिल्लो घटना हो । यहाँबाट हरेक दिन लाखौं यात्रुहरू ओहोरदोहोर गर्छन् ।

भारतीय रेलवे बोर्डका अध्यक्ष जया वर्मा सिन्हाले एक विज्ञप्ति जारी गर्दै करिब ६० जना घाइते भएको र उनीहरूलाई उपचारका लागि अस्पताल लगिएको जानकारी दिएका छन् । सिन्हाले भने, 'एउटा मालबाहक रेलले सिग्नललाई बेवास्ता गरेर पछाडिबाट रेललाई ठक्कर दिएको प्रारम्भिक अध्ययनले देखाएको छ ।'

**प्रधानमन्त्री र मुख्यमन्त्रीद्वारा समवेदना व्यक्त**

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सामाजिक सञ्जालमा एक पोस्ट गर्दै आफ्ना प्रियजन गुमाएकाप्रति समवेदना व्यक्त गरेका छन् । पश्चिम बंगालकी मुख्यमन्त्री ममता बेनर्जीले दुर्घटनालाई 'दुःखद' बताएकी छन् । दुर्घटनाको केही क्षणपछि उनले 'एम्बुलेन्स र डिजास्टर टिम' घटनास्थलमा पुगेको र 'युद्धस्तरमा उद्धारको काम' गर्न आदेश दिएको बताएका थिए ।

दार्जिलिङका जिल्ला प्रहरी प्रमुख प्रवीण प्रकाशले उद्धार कार्य पूरा भएको बताए । *रासस/एएफपी*


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LULU HYPERMARKET TRADING CO

पुर्व स्वीकृति मिति २०८१/०३/०२ | LT. No. 306471 | चलानी नं. ६०२२१३३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 355 | 50 | 1000 | ३६,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Sales Staff | 79 | 0 | 1300 | ४७,६५० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार ११ गते (25th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. २३५/०५८/०५९

JOB SEEKER MANPOWER Pvt. Ltd.
Gongabu-9, Kathmandu, Nepal. Tel : +977-4390133, 4355356, 4355356,
E-mail : info@jobseekermanpower.com.np
Website :www.jobseekermanpower.com.np

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL HANA UNITED GENERAL TRADING & CONTRACTING CO. W.L.L.

पुर्व स्वीकृति मिति २०८१/०३/०२ | LT. No.306578 | चलानी नं.: ६०२२१३२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER (INDOOR) | 50 | 40 | 95 | ४१,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार ११ गते (25th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

License No. : 757/064/065

YOUTH MANPOWER PVT.LTD.
Sinamangal-9, Kathmandu, Nepal, Tel: 01-4566055, 4466966, Mobile: 9851090996 / 9809393801/9809393802, E-mail : youthmanpower757@gmail.com, info@youthmanpower.com

## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि.- पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्षे.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १४२२०० | प्रति तोला - १४१५०० | प्रति तोला - १८०० |

## नेपालको आर्थिक विकासका विषयमा छलफल



■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालसँग विश्व बैंकका वरिष्ठ प्रबन्ध निर्देशक एक्सेल भान ट्रोस्टसेन्बर्गले शिष्टाचार भेट गरेका छन् । बालुवाटारमा भएको भेटमा उनीहरूबीच नेपालको विकास र विश्व बैंकले नेपाल पुऱ्याउँदै आएको सहयोगलगायत विविध विषयमा छलफल भएको थियो ।

उक्त अवसरमा प्रधानमन्त्री दाहालले स्थिर विकास साझेदार विश्व बैंकले विगत छ दशकभन्दा बढी समयदेखि नेपालको विकास र वित्तपोषणमा भरपर्दो स्रोत उपलब्ध गराउँदै आएको बताए । आफू नेतृत्वको सरकारले आगामी आर्थिक नीति र बजेटमार्फत आर्थिक सुधारको थालनी गरेको बताउँदै उनले वैदेशिक लगानी र विवेकपूर्ण वित्तीय व्यवस्थापनका लागि नेपालमा अनुकूल वातावरण सिर्जना गर्ने विश्वास दिलाए । प्रधानमन्त्रीले ऊर्जा, पर्यटन, कृषि व्यवसाय, र सूचनाप्रविधिजस्ता क्षेत्रहरूमा लगानी गर्दा तुलनात्मकरूपमा फाइदा लिन सकिने बताए ।

नेपाल जलवायु परिवर्तनबाट नराम्रोसँग प्रभावित भएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले जलवायु न्यायका लागि नेपालले निरन्तर विभिन्न अन्तरराष्ट्रिय मञ्चमार्फत वकालत गर्दै आएको र त्यसमा विश्व बैंकको महत्वपूर्ण सहयोग रहने विश्वास व्यक्त गरे ।

उक्त अवसरमा विश्व बैंकका निर्देशक ट्रोस्टसेन्बर्गले नेपालको आर्थिक विकासमा विश्व बैंकबाट आवश्यक पर्ने सहयोग गर्न तयार रहेको बताए । यही असार ४ गतेदेखि ७ गतेसम्म काठमाडौँमा हुने 'आइडिए (अन्तर्राष्ट्रिय विकास सङ्घ) २१ पुनःपूर्ति (रिप्लेनिसमेन्ट)' बैठकका विषयमा पनि सो अवसरमा छलफल भएको छ ।

बैठकमा विश्व बैंकका वरिष्ठ प्रबन्ध निर्देशक ट्रोस्टसेन्वर्गलगायत उच्च पदाधिकारीसहित ६१ देशका करिब २०० भन्दा बढी प्रतिनिधिहरूको सहभागिता रहनेछ । बैठकको उद्घाटन समारोहलाई प्रधानमन्त्री दाहालले सम्बोधन गर्ने कार्यक्रम रहेको छ । बैठकले आगामी ३ वर्षसम्म नेपाललाई प्रदान गर्ने अनुदान, सहुलियतपूर्ण ऋण एवं अन्य सहयोगका प्राथमिकताबारे छलफल हुनेछ ।

## 'कर प्रणाली सुधार गरे तीन खर्ब राजस्व थपिन्छ'

**काठमाडौं–** कर प्रणाली सुधारसम्बन्धी उच्चस्तरीय सुझाव समितिले सरकारलाई बुझाएको प्रतिवेदनले मुलुकको विद्यमान कर प्रणाली सुधार गर्न सके करिब रु तीन खर्ब राजस्व थपिने देखाएको छ ।

विभिन्न वस्तुमा दिइएको मूल्य अभिवृद्धि कर (भ्याट) छुट खारेज गरिनुपर्ने, आयकरको स्लाब संशोधन गर्नुपर्ने, स्वास्थ्यमा हानी गर्ने वस्तुबाहेकको अन्तःशुल्क हटाउनुपर्ने, हरित कर लगाइनुपर्ने, सामाजिक सुरक्षा करमा परिमार्जन गर्नुपर्ने, नगद भुक्तानीको सीमा घटाएर डिजिटल भुक्तानीको सीमा बढाइनुपर्नेलगायत सुझाव समितिले दिएको हो ।

सरकारको विसं २०८० भदौ २९ गतेको निर्णयानुसार विद्याधर मल्लिकको अध्यक्षतामा गठन भएको चार सदस्यीय समितिले गत फागुनमा प्रतिवेदन बुझाएको थियो ।

अर्थ मन्त्रालयले सार्वजनिक गरेको उक्त प्रतिवेदनअनुसार कर प्रणाली सुधारका लागि स्थायी बोर्ड गठन, प्रभावकारी न्याय निरूपण संयन्त्र निर्माण, विभिन्न कानुनी, नीतिगत तथा प्रक्रियागत सुधारलगायत सुझाव आएका छन् ।

कर प्रणाली सुधारका लागि सिफारिस गरिएका सुझावको प्रभावकारी कार्यान्वयनका लागि राजस्व सचिवको संयोजकत्वमा एक कार्यान्वयन सहजीकरण तथा अनुगमन इकाई स्थापना गर्ने प्रस्ताव समितिले गरेको छ । समितिले तयार पारेको कार्ययोजनामा उल्लिखित सुधारहरू कार्यान्वयन हुन सकेमा कर प्रणालीमा सुधार भई सरकारले प्रक्षेपण गरेको भन्दा करिब रु दुई खर्ब ९१ अर्ब थप राजस्व संकलन हुने प्रतिवेदनमा उल्लेख छ । समितिमा लक्ष्मण अर्याल, प्रा डा रामप्रसाद ज्ञवाली र श्यामप्रसाद दाहाल सदस्य थिए ।

कर प्रणाली सुधारसम्बन्धी उच्चस्तरीय सुझाव समितिका अध्यक्ष विद्याधर मल्लिक पर्याप्त अध्ययन र क्षेत्रगत रूपमा हिसाब गरेरै करिब रु तीन खर्बको राजस्व थप गर्न सकिने सम्भावना प्रतिवेदनमा राखिएको बताउँछन् ।

'आयकर, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, भन्सारलगायतका कुन क्षेत्रमा कति राजस्व उठाउन सक्ने सम्भावना छ भनेर हिसाब गरेरै यो तथ्यांक राखिएको हो', अध्यक्ष मल्लिक भन्छन्, 'विभिन्न कर छुट खारेज गरिनुपर्ने सुझाव समितिले दिएको छ । यो कठिन कार्य भएपनि असम्भव होइन ।' आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्यको बुँदा नम्बर तीन सय १९ मा कर प्रणाली सुधारसम्बन्धी उच्चस्तरीय सुझाव समितिको प्रतिवेदन कार्यान्वयन गर्दै लगिने उल्लेख छ । सरकारको यो प्रतिवद्धताले ढिलो चाँडो प्रतिवेदन कार्यान्वयन हुनेमा आफु आशावादी रहेको अध्यक्ष मल्लिक बताउँछन् ।

'प्रतिवेदनले दिएका सुझाव एकैपटक कार्यान्वयनमा लैजानुपर्छ भन्ने पनि होइन । सरकारले कार्यान्वयन गर्छु भनेको छ । तीनदेखि पाँच वर्षभित्र कार्यान्वयन गर्नसके राम्रो नतिजा देखिन्छ', उनले भने ।

समितिका सदस्य एवम् पूर्व सचिव लक्ष्मण अर्याल प्रतिवेदनमार्फत् दिइएका सुझाव कार्यान्वयन गर्न सके तत्काल करिब रु तीन खर्ब थपिने दाबी गर्छन् । 'यो प्रतिवेदन कार्यान्वयनमा गयो भने अहिलेकै अवस्थामा करिब रु तीन खर्ब राजस्व थपिने देखिएको छ । दीर्घकालमा अझ बढी थपिन्छ । त्यो कसरी र कहाँबाट सम्भव छ भनेर प्रतिवेदनमा स्पष्टरूपमा उल्लेख छ', उनले भने ।

प्रतिवेदन कार्यान्वयनका लागि राजस्व सचिवको संयोजकत्वमा कार्यान्वयन सहजीकरण तथा अनुगमन इकाई स्थापना गर्ने प्रस्ताव समितिले गरेको भए पनि सरकारले यस्तो संयन्त्र हालसम्म बनाइसकेको छैन । त्यस्तै, स्थायी प्रकृतिको स्वायत्त राजस्व बोर्ड गठन गर्ने, करसम्बन्धि न्यायिक निरूपणका लागि छुट्टै संयन्त्र स्थापना गर्नुपर्ने, कर प्रशासनसँग सम्बन्धित कामहरू राजस्व समूहका कर्मचारीमार्फत् गर्नेलगायतका सुझाव समितिले दिएको छ ।

नेपालको भ्याटको दर विश्वको औसत भ्याटदर भन्दा कम भए पनि आगामी पाँच वर्षसम्म यो एकल दरलाई स्थिर राख्ने एवं कर छुटको अनुसूचीमा रहेका वस्तु र सेवाको पुनरावलोकन गरी कर छुट हटाई कराधारको विस्तार गरिनुपर्ने सुझाव समितिले दिएको छ । हाल भ्याटमा कूल कर छुट करिब रु दुई खर्ब बराबर देखिएकोले तत्कालै समयवद्ध रूपमा कर छुटको प्रणालीलाई न्यून करका दर र केही वस्तु तथा सेवामा कर खर्च प्रणालीमा लैजाने व्यवस्था गरिनुपर्ने समितिको प्रतिवेदनमा उल्लेख छ ।

'अबको पाँच वर्षभित्रमा सबै प्रकारका कर छुटका प्रबन्ध खारेज गर्नुपर्दछ । प्राकृतिक विपत्ति, महामारी, काबु बाहिरको परिस्थिति सिर्जना भएमा र समष्टिगत आर्थिक संकटहरू देखिएको अवस्थामा मात्र सरकारले कानुन बनाएर कर छुट दिनसक्ने गरी व्यवस्था गर्ने र हाल अभ्यासमा रहेका आर्थिक ऐनबाट दिइने सबै प्रकारका राजस्व छुटको व्यवस्थालाई हटाउनु पर्दछ', प्रतिवेदनमा भनिएको छ ।

स्वास्थ्य तथा वातावरणलाई हानी तथा प्रकृतिजन्य वस्तुको संरक्षणका लागि अन्तःशुल्क वृद्धि गर्ने र अन्य वस्तुमा लागेको अन्तःशुल्क क्रमशः हटाउँदै जाने नीति लिइनुपर्ने सुझाव समितिको छ । कार्बन उत्सर्जन गर्ने, अतिरिक्त अन्तःशुल्क लाग्ने वस्तु तथा सेवामा हरित करको अवधारणा बमोजिम प्रणालीको विकास गर्ने र अन्तःशुल्क लागेका वस्तुलाई हरित करको क्षेत्रमा लैजानुपर्ने सुझाव छ । आर्थिक विधेयक २०८१ मार्फत् सरकारले पेट्रोलियम तथा कोइलाजन्य वस्तुको आयातमा हरित कर लगाउन सुरु गरिसकेको छ । *रासस*

## बजार व्यवस्थित नहुँदा सडकमै आँप किनबेच

**सिरहा–** आँपको राजधानी मानिने सिरहाको लहानमा आँप बिक्रीवितरण गर्ने व्यवस्थित ठाउँ नहुँदा व्यापारी र उपभोक्ताहरू सडकमै किनबेच गर्न बाध्य छन् । असार र साउन आँपको सिजन भएकाले यतिबेला लहानको मुख्य बजारअन्तर्गत पर्ने पूर्व–पश्चिम राजमार्गको सडक किनारमा आँप खरिद बिक्री गर्नेको भीड लाग्ने गरेको छ ।

सडक किनारमा आँप बिक्री वितरण गर्दा सवारी आगमनमा असर परेको छ । दुर्घटनाको जोखिम उत्तिकै बढेको स्थानीयवासी बताउँछन् । 'दिनानुदिन आँप व्यापारीहरूले सडक क्षेत्र मिचेका छन् । यसले गर्दा सवारी आगमनमा समस्या भई दुर्घटनाको जोखिम बढिरहेको छ,' जिल्ला ट्राफिक प्रहरी कार्यालय प्रमुख डम्बरबहादुर पुरीले भने, 'व्यापारीलाई हामीले कारबाही गर्न मिल्दैन । स्थानीय बजार व्यवस्थापनको जिम्मेवारी पालिकाको भएकाले लहान नगरपालिकासँग समन्वय गरी सवारी आगमन सहज बनाउन पहल गरिरहेका छौँ ।'

स्थानीय व्यापारीहरू भने आँप खरिद बिक्रीका लागि व्यवस्थित ठाउँ नतोकिँदा सडक पेटीमै बसेर बिक्रि गर्न बाध्य भएको बताउँछन् । 'आँप बिक्री गर्ने उपयुक्त ठाउँ तोकिएको भए त्यहाँ राखेर बिक्री गर्नुहुन्थ्यो । सडक पेटीमा बसेर आँप बेच्न नगरपालिकालाई कर तिरिरहेका छौँ,' स्थानीय व्यापारी रविन महतोले भने । उनले नगरपालिकाले व्यवस्थित ठाउँ बनाई दिए सहज हुनेसमेत बताए ।



स्थानीय उत्पादनलाई प्रवर्द्धन र किसानलाई प्रोत्साहन गर्न लहानमा उत्पादित आँपको 'ब्रान्डिङ' सुरु गरिएको छ । आँपको संकलन, 'ग्रेडिङ', 'प्याकेजिङ', 'ब्रान्डिङ' तथा बजारीकरण गरी लहानको आँपलाई नेपाली बजारमा पहिचान दिलाउने र उपभोक्ताले विषादीरहित शुद्ध आँप उपभोग गर्ने वातावरण मिलाइरहेको नगरपालिकाले जनाएको छ, तर स्थानीय बजार व्यवस्थापन गर्न नसक्दा व्यापारी, उपभोक्ता तथा यात्रुले समस्या खेप्नु परेको नगरपालिकाका कृषि शाखा प्रमुख प्रकाश साह हलुवाईले बताए ।

'नजिकै खाली जग्गा नहुँदा समस्या भएको छ,' प्रमुख हलुवाईले भने, 'व्यवस्थित बजार बनाउन सम्भव भइरहेको छैन । हामी यसलाई कसरी व्यवस्थित गर्न सकिन्छ भनेर उपाय खोजिरहेका छौँ । अहिले आँप खरिद बिक्रि भइरहेको ठाउँलाई पनि सडक क्षेत्रमा असर नपुग्ने गरी कम्तीमा दश फिट पछाडि सार्न सकिन्छ । त्यसका लागि पहल गरिरहेका छौँ ।'

लहान बजारको उत्तरतर्फ खुट्टीखोला किनारमा नगरपालिकाले लामो समयदेखि हाटबजार सञ्चालन गर्दै आएको छ । प्रत्येक साताको सोमबार र शुक्रबार दुई दिन हाटबजार लाग्ने सो स्थान बढ्दो जनघनत्वसँगै साँघुरो भएको हो । त्यसैले पूर्व–पश्चिम राजमार्गमा तरकारी तथा आँप व्यापारीले सडक ढाक्ने गरेको स्थानीयवासी सन्तोष गुप्ताको भनाइ छ ।

नगरप्रमुख महेशप्रसाद चौधरीले पकेट क्षेत्रका रूपमा उत्पादन हुने लहानको आँप बजारलाई व्यवस्थापन गर्नुको विकल्प नरहेको बताए । 'हामीसँग राजमार्ग क्षेत्रमा सार्वजनिक जग्गा अभाव छ । निम्नवर्गका सर्वसाधारणले सडक क्षेत्रमै साना व्यवसाय गरेर आयआर्जन गर्ने गरेकाले व्यवस्थापनमा चुनौती देखिएको छ,' मेयर चौधरीले भने, 'तसर्थ चाँडै सडकक्षेत्र मिचिएर राखिएका आँपको व्यवस्थापनका लागि ठोस नीति बनाएर उचित विकल्प दिने गरी अघि बढ्छौँ ।' *रासस*

## तनहुँमा पुँजीगत खर्च ११ महिनामा ५० प्रतिशत मात्र

**डुम्रे (प्रस)–** चालु आर्थिक वर्ष सकिन लाग्दा तनहुँमा पुँजीगततर्फको बजेट आधा मात्रै खर्च भएको छ । आर्थिक वर्ष सकिन एक महिना बाँकी रहँदा वर्षभरिका लागि छुट्याइएको पुँजीगत बजेट आधा खर्च भएको हो ।

चालु आवको ११ महिना अर्थात् जेठ मसान्तसम्ममा विनियोजित बजेटको ५० दशमलव १८ प्रतिशत मात्रै खर्च भएको कोष तथा लेखा नियन्त्रकको कार्यालयले जनाएको छ । संघबाट प्राप्त रु तीन अर्ब ८१ करोड २४ लाख १४ हजार आठ सय २९ मा ११ महिना अवधिमा ४६ दशमलव ५७ प्रतिशत खर्च भएको कोलेनिकाका कोष नियन्त्रक विनोद भट्टराईले जानकारी दिए ।

भट्टराईका अनुसार चालुतर्फ ८२ दशमलव ३० प्रतिशत बजेट खर्च भएको छ । चालुतर्फ रु नौ अर्ब १६ करोड १४ लाख ६७ हजार छ सय १३ विनियोजन भएकामा रु सात अर्ब ५४ करोड तीन हजार चार खर्च भएको छ । गण्डकी प्रदेश सरकारमार्फत विनियोजित विकास बजेट सङ्घको भन्दा नौ प्रतिशत बढी खर्च भएको छ । प्रदेशको पुँजीगततर्फ ५५ दशमलव ४८ प्रतिशत बजेट खर्च भएको छ । पुँजीगततर्फ रु दुई अर्ब ६० करोड ३७ लाख छ हजार विनियोजन भएकामा रु एक अर्ब ४४ करोड ४५ लाख ४१ हजार तीन सय १४ खर्च भएको कार्यालयले जनाएको छ ।

प्रदेशमा चालुतर्फ रु ८६ करोड ५८ लाख २९ हजार नौ सय ८० विनियोजन भएकामा रु ४७ करोड ५८ लाख ५४ हजार छ सय ३२ अर्थात् ५४ दशमलव ९६ प्रतिशत बजेट खर्च भएको छ । योजना छनोट गरेर लागू गरेपछि सुरुको त्रैमासिकमा बोलपत्र प्रक्रिया हुने, त्यसपछि बोलपत्र प्रक्रिया पूरा भएर काम सुरु गर्न तीन महिना लगाउने र कामको रफ्तार नबढाउनेलगायतका कारणले विकास बजेटको खर्च न्यून देखिएको कोष नियन्त्रक भट्टराईले बताए ।

कार्यालयका अनुसार ११ महिनामा सङ्घ र प्रदेशको गरी ५० दशमलव १८ प्रतिशत विकास (पुँजीगत) बजेट खर्च भएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ